# उच्चमाध्यमिक शिक्षा र असमानताको पुनरुत्पादन

**पुष्पराज राई**

## परिचय[1]

नेपालमा राज्यले नागरिकलाई दिने आधारभूत सेवा तथा सुविधामा गाउँ र शहरबीच थुप्रै असमानता छन् । त्यस्तो असमानताबाट शिक्षाजस्तो आधारभूत मानिएको क्षेत्र पनि अछुतो छैन । शिक्षालयहरू र अझ त्यसमा पनि उच्च शिक्षा केन्द्रहरू मूलत: शहर केन्द्रित छन् । फलत: शहरको साक्षरता दर ७४.४ प्रतिशत छ भने गाउँको ४६.१ प्रतिशत छ । त्यस्तै, उच्च माध्यमिक शिक्षामा खुद भर्ना दर केलाउने हो भने गाउँको दर ३ प्रतिशत र शहरको १४ प्रतिशत देखिन्छ (सीबीएस सन् २००४) ।

भौगोलिक पक्षले शैक्षिक असमानता निर्धारण गर्ने (हान्नम र वाङ सन् २००६; केसी सन् २००९) तथा संस्थागत बाधाले शैक्षिक बहिष्करण गर्ने ठानिएको छ ।[2] शैक्षिक असमानताले फेरि अन्य सामाजिक असमानताहरू पुनरुत्पादन गर्ने तर्क गरिन्छ । दक्ष जनशक्तिका लागि आवश्यक सीप दिएर र शासकीय आदर्शता कामदारहरूमा सिकाएर शिक्षाले श्रमशक्तिको पुनरुत्पादन गरिरहने लुइ आल्थसरको तर्क छ । सामाजिक वर्ग र शिक्षाप्राप्ति बीचको सम्बन्ध देखाउँदै रेमन्ड बोदेनले भनेका छन्, शिक्षाको अवसरले सामाजिक स्तरीकरण गराउने र वर्गीय स्तरीकरणले शिक्षाको मान्यता, प्रवृत्ति, छनोट तथा मूल्य निर्धारण असमान तरिकाले गराउँछ । बोउल्स तथा जिन्टिसले पनि विद्यालयको सामाजिक सम्बन्धले कार्यक्षेत्रको श्रेणीबद्ध श्रम विभाजन देखाउने तथा विद्यार्थीको भविष्यको कार्यक्षेत्र र उसको कामलाई झल्क्याइरहने बताएका छन् (हेर्नुहोस्, हरलम्बस सन् २००३) ।

तसर्थ, असमान शैक्षिक अवस्थाले सामाजिक असमानतालाई निरन्तरता दिन्छ, पुनरुत्पादन गरिरहन्छ भन्ने बुझिन्छ । गाउँ र शहरबीच शिक्षाको पहुँचमा विभेद हटाउने हो भने त्यसले पढ्नका लागि शहर पस्ने प्रचलनलाई कम गर्छ, र तल्ला वर्गमा उच्च शिक्षाको पहुँच बढाउन सक्छ । युवा शक्तिलाई गाउँमा टिकाउन पनि यसले सघाउँछ । तर

[1] यो लेखमा २०६८ सालसम्मका तथ्यांक मात्र उपयोग भए तापनि गाउँ र शहरका उमावि बीचको समग्र परिस्थितिमा तात्त्विक भिन्नता नआएकाले लेखको मूल तर्कमा फरक पर्दैन ।

[2] सेवा तथा सुविधा दिने संस्थाहरू टाढा भई धेरै लामो समय हिँडेर जानुपर्ने बाध्यतालाई भौगोलिक बाधा भनिन्छ । यी संस्था (विद्यालय, स्वास्थ्य चौकी, आदि) को अभाव हुनु वा संस्थाले कम गुणस्तरको सेवा तथा सुविधा दिनुलाई संस्थागत बाधा भनिन्छ ।

*समाज अध्ययन* १२ : १२९–१६७, २०७४

शिक्षामा पहुँचलाई भौगोलिक दृष्टिबाट केलाउने हो भने नेपालमा ठूलै असमानता देखिन्छ। खास गरी उच्च माध्यमिक तहमा यो असमानताको स्वरूप कस्तो छ, र त्यसका के-कस्ता आयाम छन् भन्ने यो आलेखमा केलाउन खोजिएको छ ।

माध्यमिक शिक्षा र उच्च शिक्षा बीचको तह, अर्थात् ११ र १२ कक्षा (वा प्लस टु) लाई नेपालमा उच्च माध्यमिक शिक्षा (उमाशि) भनिएको छ । यो तहले शहर केन्द्रित उच्च शिक्षालाई गाउँगाउँमा पुऱ्याई शैक्षिक समानता ल्याउने उद्देश्य लिएको देखिन्छ ।[३] विकट र दुर्गम भनिएका जिल्लाका पायक पर्ने ठाउँमा उच्च माध्यमिक विद्यालय (उमावि) खोली पहिलेको प्रवीणता प्रमाणपत्र तहले बनाएको गाउँ र शहर बीचको शैक्षिक असमानतालाई हटाउन यसले खोजेको छ । त्यसैले उमाशिको महत्त्व भनेको शहरमुखी र केन्द्रमुखी उच्च शिक्षालाई निरुत्साहित गर्ने र शिक्षाको प्रसारमा न्यायपूर्ण सामाजिक तथा क्षेत्रीय सन्तुलन कायम गर्दै विपन्न तथा ग्रामीण क्षेत्रका विद्यार्थीको उच्च शिक्षामा पहुँच बढाउने देखिन्छ (राष्ट्रिय शिक्षा समिति २०४६ : ३) । दोस्रो उच्च शिक्षा परियोजना (सन् २००७–२०१४) ले पनि दुर्गम भनिएका भेकमा उच्च शिक्षाको पहुँच बढाउन सामुदायिक उमाविको विकासलाई अघि सारेको देखिन्छ (द वर्ल्ड बैंक सन् २००७) ।

तर थुप्रै शिक्षाविद्हरू र उमाशिबारे गरिएका गोष्ठीहरूले उमाशि कार्यक्रमका धेरै समस्या भएको देखाएका छन् । शहर र राजधानीमा धेरै विद्यार्थीको आकर्षण (पोखरेल २०६६), गाउँका उमाविले शहर जाने विद्यार्थी नरोकेको (हुमागाईं र वाग्ले २०६१) र ५० प्रतिशत विद्यार्थी काठमाडौँका प्लस टुहरूमा पढ्ने (हुमागाईं र अरू २०६५) जस्ता तथ्यले शहरका उमाशिमा विद्यार्थीको आकर्षण निकै भएको देखाउँछ । यसैले, नेपालमा गाउँ र शहरमा भएको उमाशिको विस्तारमा भएको असमानता, गाउँका उच्चमाध्यमिक विद्यालय (उमावि) का समस्या र गाउँमै उमावि अध्ययन गर्ने विद्यार्थीमा यो लेख केन्द्रित छ । उमाविका प्रकार र त्यहाँ पढाइने विषयले विद्यार्थीको भविष्य निर्धारण गर्छ । यसैले यो लेखमा निम्न प्रश्नहरूको पनि जवाफ खोजिएको छ : त्रिवि अन्तर्गतका क्याम्पसका तुलनामा उमाविको उपलब्धता गाउँमा कस्तो छ ? प्रकार र विषयका आधारमा उमाविको विस्तार कस्तो छ ? गाउँका सामुदायिक उमाविमा कस्ता विद्यार्थी पढ्छन् र किन ? यी प्रश्नको जवाफले गाउँस्तरमा उमाशिको पहुँच पुऱ्याउने दाबीलाई जाँच्नेछ ।

यो अध्ययनका लागि आवश्यक तथ्यांकहरू विभिन्न सरकारी निकाय तथा उमाविहरूबाट संकलन गरिएको थियो । उमाविको विस्तार हेर्न उच्चमाध्यमिक शिक्षा परिषद् (उमाशिप)

[३] राष्ट्रिय शिक्षा योजना आयोगको वि.सं. २०११ को प्रतिवेदनमा “सायद २५ वर्षमा धेरैजसो जनताको निम्ति उत्तरमाध्यमिक शिक्षा कार्यक्रम” राखिने भनिएको छ । सर्वांगीण राष्ट्रिय शिक्षा समितिको २०१८ सालको प्रतिवेदनले माध्यमिक शिक्षालाई ६ देखि ८ कक्षा र उच्चमाध्यमिकलाई ९ देखि ११ कक्षा मानी पाठ्यक्रम दिएको छ (शर्मा २०६२ : १६३–१६४) ।

को सम्बन्धन महाशाखाबाट सूची संकलन गरियो । विषयगत आधारमा विस्तार हेर्न परीक्षा नियन्त्रण कार्यालयबाट सूचना लिइएको थियो । स्थलगत अध्ययनका लागि दुई ओटा सामुदायिक उमावि : खोटाङ जिल्लाको महेन्द्रोदय उमावि, ओख्रे र शान्ति उमावि, छोरम्बू छनोट गरिएको थियो । महेन्द्रोदय उमाविमा १० वर्षदेखि र शान्ति उमाविमा दुई वर्ष अघिदेखि मात्र उमाशि शुरू गरिएको हो ।[४]

गाउँका सामुदायिक उमाविमा अध्ययन गर्ने विद्यार्थीबारे जानकारी हासिल गर्न पाँच वर्षको भर्ना रजिष्टर र एसएलसी उत्तीर्ण गरेको तथ्यांक संकलन गरिएको थियो । त्यस्तै, गाउँका उमाविका समस्याबारे शिक्षक, व्यवस्थापन समितिका सदस्य, अभिभावकसँग अन्तर्वार्ता लिइएको थियो । यसबाट एसएलसी उत्तीर्ण गर्नेहरूमध्ये कति र कस्ताले सोही विद्यालयमा अध्ययन गरे भन्ने जानकारी पाइएको थियो । त्यस्तै ११ र १२ मा अध्ययन गरिरहेका केही विद्यार्थीहरूसँग पनि अन्तर्वार्ता गरिएको थियो । लेखको आउँदो खण्डमा उच्चमाध्यमिक शिक्षाको विकास र विस्तारसँगै ग्रामीण क्षेत्रमा उच्चमाध्यमिक शिक्षाको विस्तार, र अर्को खण्डमा उमाशिको विस्तारसँगै सिर्जित ग्रामीण र शहरी असमानताबारे छलफल गरिएको छ । त्यस पछिको खण्डमा नमुना अध्ययनमा आधारित रही ग्रामीण उमाविका अवस्था केलाइएको छ । अन्तमा छोटो निष्कर्ष खण्ड छ ।

## उच्चमाध्यमिक शिक्षाको विकास र विस्तार

नेपालमा उमाशिको परिकल्पना पहिलो शिक्षा आयोगको प्रतिवेदनमै देखिए पनि २०४० सालको शाही उच्च शिक्षा आयोगले पूर्वस्नातक तहको नाममा उमाशिको अवधारणा प्रवेश गरायो । सो प्रतिवेदनले उच्च शिक्षाका अधिकांश सुविधा शहरमा मात्र भएकाले गाउँ र शहर बीचको क्षेत्रीय असमानतालाई घटाउन पूर्वस्नातक तहको आवश्यकता ठान्यो (हेर्नुहोस् शर्मा २०६२) । तत्कालीन राजा वीरेन्द्रले २०४५ सालमा राष्ट्रिय पञ्चायतको अधिवेशनलाई सम्बोधन गर्दै "सरकारले उमाशि लागू गर्नेतर्फ अध्ययन गरिरहेको छ" भनेका थिए (राष्ट्रिय शिक्षा समिति २०४६) । उक्त सम्बोधनपछि राष्ट्रिय शिक्षा समितिका सदस्य-सचिवको संयोजकत्वमा गठित अध्ययन टोलीले उमाशिलाई लिएर झापा र

[४] महेन्द्रोदय उमावि डाँडागाउँ गाविसमा अवस्थित छ । याम्खा, टेम्मा, सप्तेश्वर छितापोखरी, छितापोखरी र छोरम्बू यसका छिमेकी गाविस हुन् (डाँडागाउँ गाविस २०६५) । महेन्द्रोदय स्थापना हुँदा छिमेकका यी छ ओटै गाविसका अभिभावकको भेला गरिएको थियो । त्यतिखेरसम्म त्यहाँ उमावि खोलिएको थिएन । शान्ति उमावि छोरम्बू गाविसमा पर्छ । छोरम्बूको छिमेकी गाविस बतासे, डाँडागाउँ, सप्तेश्वर छितापोखरी हुन् । शान्ति उमावि स्थापना गर्दा पनि अभिभावक भेला गरिएको थियो । महोन्द्रोदयमा २०६१ साल पछिको पाँच वर्षमा एसएलसी उत्तीर्ण गर्ने विद्यार्थी संख्या ४८० थियो भने सोही अवधिमा शान्ति उमाविको एसएलसी उत्तीर्ण विद्यार्थी संख्या ४१२ थियो ।

काठमाडौँमा गोष्ठीहरू आयोजना गरे । उच्चमाध्यमिक शिक्षा संरचनाबारे गोष्ठीमा प्रस्तुत कार्यपत्रले गाउँगाउँमा उच्च शिक्षाको पहुँच पु¥याउन राज्यले उमाशि प्रणाली ल्याएको देखाउँछ । प्रवीणता प्रमाणपत्र तहको विस्तारले जन्माएको क्षेत्रीय या भौगोलिक खाडल हटाउन उमाशि संरचना प्रस्तावित गरिएको र यसले विपन्न तथा दुर्गमका विद्यार्थीलाई पायक पर्ने स्थानमा अध्ययन गर्ने मौका दिने तर्क गरिएको पाइन्छ (गजुरेल २०४६) । तर, केहीले विद्यार्थीलाई क्याम्पसको पञ्चायत विरोधी राजनीतिबाट जोगाउने (खनिया सन् २००७) र गाउँका विद्यार्थी गाउँमै रोकी पञ्चायत विरोधी राजनीति घटाउने भित्री लक्ष्यले उमाशि ल्याएको पनि तर्क गरेका छन् (पौडेल २०६७) । जे भए पनि राष्ट्रिय पञ्चायतको अन्तिम अधिवेशनले कात्तिक ११, २०४६ मा उच्चमाध्यमिक शिक्षा ऐन २०४६ स्वीकृत ग¥यो । उमाशि कार्यक्रम भनेको विद्यालय शिक्षामा दुई वर्षको थप शिक्षा हो भनी सो ऐनले परिभाषित ग¥यो (खनिया सन् २००७) । फागुन १२, २०४६ देखि ऐन लागू भए तापनि २०४९ सालमा आएर मात्र ३८ ओटा उमावि खोलिए (कोइराला २०५९) ।

उच्चमाध्यमिक शिक्षा ऐनमा २०४९ सालमा गरिएको संशोधनले व्यक्ति वा संस्थाले उमावि खोल्न सक्ने व्यवस्था ग¥यो । यसले उमाशिको विस्तारमा निजी क्षेत्रको भूमिका सुनिश्चित गरी राज्यको भूमिका र दायित्वलाई घटायो । उमाशिलाई “व्यापारीकरण” गरेकोमा विद्यार्थी जगतबाट विरोध भए तापनि त्यो त्यति कारगर भएन ।[५] २०४९ सालको शिक्षा आयोगको प्रतिवेदनले उमाशि कार्यक्रममा निजीक्षेत्र तथा जनसहभागितालाई विशेष जोड दिएपछि (हेर्नुहोस् शर्मा २०६२) राज्यको दायित्व थप साँघुरिँदै र निजी क्षेत्रको संलग्नता फैलँदै गयो ।

शिक्षालयहरूले उमाशिपबाट सम्बन्धन पाउनका लागि उमाशि नियमावली २०५२ ले विभिन्न भौतिक, शैक्षिक तथा आर्थिक शर्तहरू तोक्यो । यसपछि एउटा विद्यालयले

[५] विभिन्न विद्यार्थी संगठनले प्रवीणता प्रमाणपत्र तहको विस्थापन नीतिविरुद्ध आन्दोलन गरेका थिए । उनीहरूले यसलाई “गरीब विद्यार्थीको भविष्यमाथि खेलबाड” भन्दै विरोध गरे (त्रिभुवन विश्वविद्यालय २०६६) । अनेरास्ववियु क्रान्तिकारीका अध्यक्ष लेखनाथ न्यौपानेले सरकारले दश जोड दुई अध्ययन सर्वसुलभ नबनाएको र सो नाफामुखी भएकाले प्रमाणपत्र तह विस्थापन गर्न नहुने बताएका थिए (राजधानी २०६७) । तोकिएको समयमा प्रमाणपत्र तह विस्थापन नहुनुमा पोखरेल (२०६६) ले सामुदायिक उमाविको भौतिक पूर्वाधार कमजोरी, विपन्न र निम्न आयका विद्यार्थीसम्म पहुँच नपुग्नु, र कमलकृष्ण जोशीले सरकारको स्पष्ट प्रतिबद्धता नहुनुलाई दोष दिए (उमाशिप २०५५ख) । साउन ७, २०६७ मा नेपाल सरकार र विद्यार्थी संगठनबीच प्रमाणपत्र तह विस्थापन सम्बन्धमा आठबुँदे सहमति भयो, जसमा सरकारले सामुदायिक उमाविको स्तरोन्नति गर्नुपर्ने, प्रत्येक सामुदायिक उमाविमा तीन शिक्षकको तलब बराबर अनुदान दिनुपर्ने, प्रत्येक निर्वाचन क्षेत्रमा विज्ञान विषयको उमावि खोल्न सरकारले सघन सहयोग गर्नुपर्ने, आदि थिए (कान्तिपुर २०६७) ।

उमाशि सञ्चालनका लागि सम्बन्धन प्राप्त गर्न तोकिए बमोजिमको रकम मुद्दती खातामा राखेको प्रमाण पेश गर्नुपर्ने भयो (बराकोटी २०६२)। यसरी राज्यले आफ्नो भूमिका मूलत: सम्बन्धन प्रदान गर्नमा मात्र सीमित गऱ्यो। त्यसैले, अहिले आवश्यकताका आधारमा भन्दा मागका आधारमा उमावि सञ्चालन हुँदै आएका छन्। स्थानीय समुदायको माग, गाविसको बजेट र स्थानीय अभिभावकहरूको सहयोग र सक्रियताबाट गाउँका उमाविहरू सञ्चालित छन् भने व्यक्ति वा संस्थाले शहरमा व्यावसायिक रूपमा उमावि खोलेका छन्।

उमाशि कार्यक्रम सञ्चालन गर्न सरकारी आर्थिक दायित्व नगण्य छ, अनि दृष्टिकोणमा स्पष्टता छैन। जुन उद्देश्यले उमाशि शुरू भयो त्योअनुसार सरकारले लगानी गरेको देखिँदैन। उमाशिमा कुल राष्ट्रिय बजेटको एक प्रतिशत पनि विनियोजन हुँदैन (आयाम र घिमिरे २०६६)। उमाविहरूको भौतिक विकासका लागि भनेर सरकारले छनोटमा परेका ३२ ओटा उमाविलाई आर्थिक वर्ष (आव) २०५१–२०५२ मा पहिलोपल्ट पटके अनुदान रकम दियो। आव २०५८–२०५९ देखि सार्वजनिक उमाविलाई एक शिक्षक बराबरको तलब अनुदान र आव २०६१–२०६२ देखि दुई शिक्षक बराबरको अनुदान दियो (मण्डल २०६२)। नेपाल सरकारले उमाशिमा गरेको लगानीलाई यसले प्रस्ट्याउँछ। शिक्षा बजेटको तहगत बाँडफाँड हेर्दा पनि माध्यमिक शिक्षा र उच्च शिक्षामा अर्थात तल्लो र माथिल्लो तहमा उसको लगानी तुलनात्मक रूपमा धेरै भए पनि बीचको तहमा त्यस्तो लगानी सुकेको देखिन्छ। सरकारले उमाविमा स्थायी शिक्षक र शिक्षक दरबन्दीको व्यवस्था गरेको छैन (कोइराला २०६६; पौडेल २०६६)। उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ मा उमाशिको समस्याका रूपमा शिक्षकको कार्यभार, सेवाशर्त तथा स्थायित्वबारे अन्योल हुनु र शिक्षकको निश्चित दरबन्दीको व्यवस्था नहुनु उल्लेख छ (हेर्नुहोस्, शर्मा २०६२)। सो प्रतिवदेन अनुसार उमाशिलाई विद्यालय तहको अन्तिम तह मानिए पनि व्यवस्थापन, निरीक्षण कार्यमा शिक्षा मन्त्रालय र सम्बन्धित निकायको ध्यान गएको छैन (खनिया मिति नखुलेको)।

### *शहर र गाउँमा उमाशि*

कुनै विद्यालयले उच्च माध्यमिक शिक्षा सञ्चालन गर्नु पऱ्यो भने पहिले उसले उमाशिपबाट सम्बन्धन प्राप्त गर्नु जरुरी हुन्छ। ग्रामीण र शहरी, दुर्गम र सुगम अथवा विपन्न र सम्पन्न क्षेत्रमा सम्बन्धन दिँदा एकै किसिमका पूर्वशर्तलाई आधार बनाउँदा त्यो सामाजिक न्याय अनुरूप हुँदैन (शर्मा २०६२ मा उद्धृत)। त्यसैले, सम्बन्धनको पूर्वाधारमा केही सहुलियत दुर्गम, पहाडी जिल्लालाई दिइएको छ। जस्तै, दुर्गम जिल्लामा सम्बन्धन लिँदा पछिल्ला तीन वर्षमा एसएलसी परीक्षामा सरदर विद्यार्थी उत्तीर्णदर ३० प्रतिशत हुनुपर्छ भने अन्य

जिल्लाको हकमा उत्तीर्णदर ७० प्रतिशत हुनुपर्छ । त्यस्तै, कक्षा १० मा विद्यार्थी संख्या दुर्गम, पहाड र अन्य जिल्लामा क्रमशः ३०, ५० र ७० जना हुनुपर्छ (उमाशिप २०६५ख) ।

उमाविको सन्तुलित विस्तार गर्ने ध्येयले २०५५ सालबाट विद्यालय नक्सांकन कार्यक्रम शुरू गरियो (उमाशिप २०५७), तर प्रभावकारी भएन । सार्वजनिक उमाविमध्ये प्रत्येक अञ्चलबाट एक-एक ओटा पर्ने गरी २०६१ सालमा नमुना उमावि कार्यक्रम सञ्चालन भयो । २०६२ सालमा २८ ओटा सार्वजनिक उमावि (उमाशिप २०६१) र २०६४ मा २० ओटा नमुना उमावि घोषणा गरियो । यस्तो नमुना उमावि छनोटमा सदरमुकामका उमावि पर्ने देखिन्छ । सामुदायिक उमाविमा महिला प्रधानाध्यापक वा प्राचार्य र ५० प्रतिशत वा सोभन्दा बढी महिला शिक्षिका भए थप आर्थिक अनुदान दिने (उमाशिप २०६४) जस्ता समावेशी कार्यक्रमबाट दुर्गमका क्षेत्र लाभान्वित भएनन् । कर्णाली क्षेत्रलाई केन्द्रमा राखी सार्वजनिक उमाविलाई थप दुई शिक्षकको तलब बराबरको अनुदान दिने (उमाशिप २०६२), भौतिक र शैक्षिक पूर्वाधारमा थप सहयोग (उमाशिप २०६४), निःशुल्क शिक्षा (कोइराला २०६५) र शिक्षक तालिम व्यवस्था गर्ने (उमाशिप २०६५ख) जस्ता केही कार्यक्रम यसबीच ल्याइए । तर, परीक्षा सम्बन्धी कार्यक्रम, नीति सुझाव समिति[६] तथा कार्यशाला गोष्ठीहरूले पनि दुर्गमका परीक्षा केन्द्रका समस्याहरूमा ध्यान दिएको देखिँदैन ।

उमाशिको उद्देश्य गाउँगाउँमा उच्च शिक्षाको पहुँच पुऱ्याउनु भए तापनि ग्रामीण क्षेत्रमा उमाशिको विस्तारमा राज्यको भूमिका गौण छ । उमाशि कार्यक्रममा सरकारी आर्थिक दायित्व नगण्य छ । सरकारी निकायले उमावि व्यवस्थापनमा पर्याप्त ध्यान नदिएको देखिन्छ । गाउँ र शहर बीचको शैक्षिक असमानता न्यून गराउने खालका ठोस नीति तथा कार्यक्रमहरूको अभाव छ । उमाशिपका केही कार्यक्रम गाउँमुखी भए पनि तिनले गाउँ र शहर बीचको शैक्षिक असमानतालाई न्यून गर्न सक्दैनन् । समग्रमा हेर्दा उमाशिका नीति तथा कार्यक्रमले गाउँ र शहरबीच "विभेद" गर्दैनन् तर गाउँका पक्षमा सकारात्मक विभेद नगर्ने हो भने त्यसले क्षेत्रीय असमानतालाई हटाउन सक्दैन ।

### *ग्रामीण भेगमा उमाशिको विस्तार*

राज्यको भूमिका अस्पष्ट र कम हुँदाहुँदै पनि स्थापनाको करिब डेढ दशकभित्र ७५ ओटै जिल्लामा उमाविको विस्तार भैसकेको छ । पहिलो तीन वर्षमै ६२ जिल्लामा १४३ उमावि स्थापना भई (उमाशिप २०५२) थोरै समयमा धेरै भौगोलिक क्षेत्रमा उमाशि विस्तार भयो । शहर केन्द्रित (कोइराला २०६६) भने पनि त्रिविका क्याम्पससँग तुलना गर्ने हो भने

[६] असार १८, २०६० मा गठित उमाशिपको परीक्षा व्यवस्था सुधार सुझाव समितिले तयार गरेको प्रतिवेदनमा मध्यकालीन तथा दीर्घकालीन सुझाव दिइएको छ (उमाशिप २०६०) ।

धेरै गाउँमा उमाविको विस्तार देखिन्छ । तालिका १ ले गाउँ र शहरमा क्याम्पसहरूको वितरणको तस्बिर देखाउँछ ।

**तालिका १ : त्रिविका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस**[७]

| क्षेत्र | आंगिक क्याम्पस | | सम्बन्धन प्राप्त क्याम्पस | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| ग्रामीण क्षेत्र | ३ | ४.९ | २३८ | ४१.६ | २४१ | ३८.१ |
| शहरी क्षेत्र | ५८ | ९५.१ | ३३४ | ५८.४ | ३९२ | ६१.९ |
| **जम्मा** | **६१** | **१००** | **५७२** | **१००** | **६३३** | **१००** |

*स्रोत : विश्वविद्यालय अनुदान आयोगको वार्षिक प्रतिवेदन २०६४/६५ ।*

सरकारी स्वामित्वका क्याम्पसहरू शहर केन्द्रित छन् (शर्मा २०६२ मा उद्धृत; पोखरेल २०६६) भन्ने तथ्य तालिका १ ले पनि प्रस्ट पार्छ । गाउँमा भन्दा शहरमा क्याम्पसहरू झण्डै दुई गुणा बढी छन् । २०६० साल यताको तथ्यांक केलाउने हो भने शहरको तुलनामा गाउँमा उमाविहरूको विस्तार उल्लेख्य देखिन्छ । गाउँ र शहरमा भएको उमाविको विस्तारलाई तालिका २ ले देखाउँछ ।

**तालिका २ : सम्बन्धन प्राप्त उमाविहरूको क्षेत्रगत वितरण**[८]

| आर्थिक वर्ष | ग्रामीण क्षेत्र | | शहरी क्षेत्र | | कुल उमावि |
|---|---|---|---|---|---|
| | उमावि | प्रतिशत | उमावि | प्रतिशत | |
| २०५३/२०५४ | १४२ | ६६.६७ | ७१ | ३३.३३ | २१३ |
| २०५५/२०५६ | २५१ | ६०.९२ | १६१ | ३९.०८ | ४१२ |
| २०५७/२०५८ | ३७६ | ५५.३० | ३०४ | ४४.७० | ६८० |
| २०६०/२०६१ | ५०८ | ५९.३५ | ३४८ | ४०.६५ | ८५६ |
| २०६५/२०६६ | १,४०९ | ७१.३१ | ५६७ | २८.६९ | १,९७६ |
| २०६६/२०६७ | १,८४३ | ७३.३७ | ६६९ | २६.६३ | २,५१२ |

*स्रोत : उमाशिप २०५३, २०५५क, २०५७, २०६०, २०६५क ।*

[७] विश्वविद्यालय अनुदान आयोगको वार्षिक प्रतिवेदन २०६४/६५ मा दिएका क्याम्पसहरूलाई महानगरपालिका र गाविसका आधारमा शहर र गाउँमा वर्गीकरण गरिएको हो ।

[८] विभिन्न आवका उपलब्ध *सम्प्रेषण*हरू र उमाशिपको २०६७ को तथ्यांकमा उल्लेख भएका उमाविहरूलाई गाविसलाई ग्रामीण क्षेत्र र नगरपालिकालाई शहरी क्षेत्र मानी वर्गीकरण गरिएको हो । सेवा, सुविधा, विकास अन्य सूचकका आधारमा गाउँ र शहर छुट्ट्याउनेभन्दा पनि भइरहेको सूचनालाई नेपाल सरकारको प्रशासनिक विभाजन गाविस र नगरपालिकालाई मात्र आधार मानी शहर र ग्रामीण क्षेत्र वर्गीकरण गरिएको छ ।

तालिका २ ले २०६७ सालमा नेपालमा २,५१२ ओटा उमावि रहेको देखाउँछ । उमाशिपले २०६७ सालसम्म नेपालमा उमाविको संख्या १,५७२ मात्र पुग्ने अनुमान (कर्ण र अरू सन् २००५) गरे पनि त्योभन्दा ९४० बढी उमावि स्थापना भैसकेकाले उमाविको विस्तार सोचेभन्दा तीव्र गतिमा भइरहेको देखिन्छ ।

## उमाशिको विस्तार र भौगोलिक असमानता

उमाशि कार्यक्रमको शुरूताका उमाशिको विस्तार शहरी क्षेत्रमा ज्यादा भए पनि पछिल्लो समयमा उमाशिको विस्तार ग्रामीण क्षेत्रमा भएको छ । र, अनुमान गरेभन्दा बढी संख्यामा गाउँमा उमाविको स्थापना भएको छ । तर गाउँ र शहरमा स्थापित उमाविबीच थुप्रै असमानता छन् । गाउँ र शहर बीचको असमानतालाई उमाविका शिक्षक, भौतिक संरचना, पढाइने विषय, विषय संख्या, आदि एवं विद्यार्थी संख्या साथै सुविधाका आधारमा गाउँ र शहरको विभाजन गरी उमाविको विस्तारबारे यो खण्डमा विश्लेषण गरिएको छ ।

### *शिक्षक र भौतिक संरचना*

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले ग्रामीण क्षेत्रका उमाविमा भौतिक सुविधाको कमी, दिगो आर्थिक स्रोतको अभाव, आदि समस्या रहेको उल्लेख गरेको छ (हेर्नुहोस्, शर्मा २०६२) । होप नेपाल नामक संस्थाले गरेको अनुसन्धानले पनि भौतिक पूर्वाधारको अपर्याप्ततालाई गाउँका उमाविका समस्या मानेको छ । कक्षा कोठा, फर्निचर, कम्प्युटर ल्याब, पुस्तकालय, शौचालय, खानेपानी र प्रयोगशाला जस्ता भौतिक सुविधाहरू सुधार्नु आवश्यक रहेको उसको ठहर छ । अधिकांश उमाविका आफ्नै भवन र अन्य भौतिक संरचना छैनन् । तत्कालका लागि "कामचलाउ" हिसाबले भाडाका भवनमा वा अन्य शैक्षिक संस्थाको उदारतामा ती आश्रित छन् । माध्यमिक विद्यालयमा सञ्चालन गरिएका उमाविमा पनि कक्षा कोठाको अभावले पठनपाठन बिहान वा बेलुकी गरिन्छ (कोइराला २०५९) । शहरका कतिपय उमाविहरूमा भने भौतिक पूवार्धार पर्याप्त भएको र तिनले विद्यार्थी पनि आकर्षित गर्न सफल भएको देखिन्छ ।

गाउँका उमाविमा दक्ष र योग्य शिक्षकको अभाव छ । सामुदायिक उमाविमा योग्यता नपुगेका शिक्षक ७५ प्रतिशतभन्दा बढी छन् भनिन्छ (आयाम र घिमिरे २०६६) । अनि त्यहाँ सेवा-सुविधाको पनि कमी छ किनकि गाउँका उमाविले पर्याप्त तलब, सुविधा जुटाउन सक्दैनन् (शर्मा २०६२ मा उद्धृत) । शहरी क्षेत्रमा भने योग्यता पुगेकै शिक्षक छन्; ती अनुभवी, तालिम प्राप्त र पीएचडी सम्मको योग्यता भएका पनि छन् तर ती प्रायः पूर्णकालीन होइन कि आंशिक शिक्षकका रूपमा कार्यरत छन् । त्रिभुवन विश्वविद्यालयमा कार्यरत कतिपय शिक्षकले पनि उमाविमा पढाउँछन् ।

शिक्षकको अभाव तथा भौतिक पूर्वाधारको समस्याले गर्दा गाउँका उमाविले गुणस्तरयुक्त शिक्षा प्रदान गर्न सकेका छैनन् । शहरका उमाविमा शैक्षणिक क्रियाकलाप साथै अतिरिक्त क्रियाकलापको सुविधा पनि उपलब्ध हुन्छ । शहरका उमावि महँगा पनि उत्तिकै छन् । ग्रामीण र विपन्न क्षेत्रका उमाविले न्यूनतम पठनपाठनका सेवासुविधा उपलब्ध गराउन पनि शुल्क बढाउन सक्दैन (कोइराला २०५९) । त्यस बाहेक, पाठ्यपुस्तक र परीक्षाको केन्द्रीकरणले गर्दा ग्रामीण भेकका उमाविले समस्या भोगिरहेका छन् (शर्मा २०६२ मा उद्धृत) । गाउँका उमाविको परीक्षा परिणाम पनि शहरको तुलनामा निराशाजनक छ (उमाशिप २०५५ख) ।

## *उमाविका प्रकार र तिनको वितरण*

शहरमा भन्दा गाउँमा उमाविको विस्तार राम्रो देखिए पनि अलि गहिरिएर केलाउने बित्तिकै ती दुई बीचको भिन्नता प्रस्ट हुन्छ । गाउँ र शहरमा प्रकारका आधारमा उमाविको वितरणलाई तालिका ३ ले प्रस्ट्याउँछ ।

**तालिका ३ : ग्रामीण र शहरी क्षेत्रमा उमाविको उपलब्धता[९]**

| क्षेत्र | उमाविको वर्गीकरण | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | सामुदायिक | निजी | प्लस टु | क्याम्पस | | |
| ग्रामीण क्षेत्र | १६६६<br>९३.१७%<br>(९०.३९%) | १२०<br>२७.३३%<br>(६.५१%) | १५<br>९.६१%<br>(०.८१%) | ४२<br>३२.५५%<br>(२.२७ %) | १८४३<br>(१००%) | ७३.३६ |
| शहरी क्षेत्र | १२२<br>६.८२%<br>(१८.२३%) | ३१९<br>७२.६६%<br>(४७.६८%) | १४१<br>९०.३८%<br>(२१.०७%) | ८७<br>६७.४४%<br>(१३.९३%) | ६६९<br>(१००%) | २६.६४ |
| **जम्मा** | **१७८८<br>(७१.२०%)** | **४३९<br>(१७.४७%)** | **१५६<br>(६.२१%)** | **१२९<br>(५.१३%)** | **२५१२** | **१००** |

*स्रोत : उच्चमाध्यमिक शिक्षा परिषद्, योजना तथा मूल्यांकन महाशाखाको तथ्यांक २०६७ ।*
*नोट : कोष्ठक बाहिरको प्रतिशत ठाडो र भित्रको तेर्सो योगफलमा आधारित छ ।*

तालिका ३ ले मुलुकका कुल उमाविमध्ये गाउँमा ७३.३६ र शहरमा २६.६४ प्रतिशत रहेको देखाउँछ । गाउँमा सामुदायिक उमाविको विस्तार अलि व्यापक (शर्मा २०६२ मा उद्धृत; पोखरेल २०६६) र प्लस टुको विस्तार निकै कम छ । शहरी क्षेत्रमा निजी उमाविको संख्या निकै छ । प्लस टु र निजी कलेजहरूलाई पनि जोड्ने हो भने शहरमा उच्चमाध्यमिक

[९] उच्चमाध्यमिक शिक्षा परिषद्, योजना तथा मूल्यांकन महाशाखा २०६७ साल सम्मको उमाविको सम्बन्धन सूचीलाई नगरपालिका र गाविसका आधारमा गाउँ र शहर छुट्ट्याई तयार पारिएको ।

शिक्षालयहरूको छेलोखेलो देखिन्छ । यसले उमाविका प्रकारका आधारमा ग्रामीण र शहरमा व्यापक असमानता रहेको देखाउँछ । निजी तवरमा खोलिएका उमावि नाफामुखी छन्; गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने निहुँमा तिनमा उच्च शुल्क लिइन्छ । सामुदायिक उमावि मूल रूपमा समुदायको अग्रसरतामा सञ्चालन गरिन्छ र तुलनात्मक रूपमा कम शुल्क लिइन्छ ।

## *उमाविमा पढाइने विषय*

२०५५ साल अगाडि उमाविमा बहुपथोन्मुख[१०] पाठ्यक्रम लागू थियो । अहिले उमाविहरूमा विभिन्न विषय पढाइन्छन् । तर गाउँ र शहरका उमाविले पढाउने विषय केलाउने हो भने ती दुई बीचको भिन्नता प्रस्ट हुन्छ । तालिका ४ मा शुरूदेखि पाँच वर्षसम्मका गाउँ र शहरका उमाविहरूमा पढाइने विषयहरूको वितरण दिइएको छ ।

गाउँका अधिकांश उमाविहरूमा एउटा विषय-समूह र त्यसमा पनि शिक्षा समूह पढाइने तालिका ४ बाट देखिन्छ । शिक्षापछि गाउँमा प्रचलित अर्को विषय-समूह मानविकी हो । वाणिज्य र विज्ञान समूह चाहिँ मुख्यतः शहरका उमाविमा पढाइन्छ । त्यसैले विज्ञान पढ्न चाहने गाउँको एउटा विद्यार्थी शहरतर्फ नलागी नहुने देखिन्छ । गाउँका केही विद्यालयमा दुई विषय-समूह पठनपाठन हुने देखिन्छ र ती दुइटा विषय फेरि पनि शिक्षा र मानविकी नै भएको तालिका ४ बाट प्रस्ट हुन्छ । तीन ओटा विषय-समूह "अफर" गरिने उमाविको संख्या गाउँमा थोरै छ तर शहरमा यसको उपस्थिति राम्रै छ । गाउँमा तीन विषय-समूह पठनपाठन गर्ने उमावि केलाउँदा तिनले मानविकी, वाणिज्य र शिक्षा विषय पढाउने देखिन्छ भने शहरमा मानविकी, वाणिज्य र विज्ञान । चार ओटै विषय-समूह पढाइने शिक्षालय त शहरमा मात्रै छन् ।

**तालिका ४ : विषयका आधारमा उमाविको गाउँ र शहरमा वितरण[११]**

| विषय | | गाउँ | प्रतिशत | शहर | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|
| एक विषय समूह | शिक्षा | ५८ | ४०.८४ | १४ | १९.७१ | ७२(३३.८०) |
| | वाणिज्य | ५ | ३.५२ | ७ | ९.८५ | १२(५.६३) |
| | मानविकी | २४ | १६.९० | – | – | २४(११.२६) |
| | विज्ञान | ३ | २.११ | १५ | २१.१२ | १८(८.४५) |

[१०] यसले संकायगत रूपमा रहेको पाठ्यक्रमलाई बुझाउँछ । जस्तै : विज्ञान, शिक्षा, वाणिज्य, मानविकी, आदि संकायका छुट्टाछुट्टै रूपमा पाठ्यक्रम निर्माण भई त्यसै अनुरूप अध्यापन गरिन्छ ।

[११] उमाशिपको २०५३ साल सम्मको सम्बन्धन सूचीलाई गाविस र नगरपालिका आधारमा ग्रामीण र शहरी क्षेत्र छुट्ट्याएको ।

| विषय | | गाउँ | प्रतिशत | शहर | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|
| दुई विषय समूह | शिक्षा, मानविकी | २५ | १७.६० | २ | २.८१ | २७(१२.६७) |
| | वाणिज्य, शिक्षा | ८ | ५.६३ | १ | १.४० | ९(४.२२) |
| | वाणिज्य, मानविकी | ६ | ४.२२ | ३ | ४.२२ | ९(४.२२) |
| | विज्ञान, शिक्षा | ३ | २.११ | ४ | ५.६३ | ७(३.२८) |
| | विज्ञान, वाणिज्य | २ | १.४० | ८ | ११.२६ | १०(४.६९) |
| | मानविकी, विज्ञान | १ | ०.७० | – | – | १(०.४६) |
| तीन विषय समूह | मानविकी, वाणिज्य, विज्ञान | २ | १.४० | ११ | १५.४९ | १३(६.१०) |
| | मानविकी, वाणिज्य, शिक्षा | ४ | २.८० | २ | २.८१ | ६(२.८१) |
| | शिक्षा, वाणिज्य, विज्ञान | १ | ०.७० | २ | २.८१ | ३(१.४०) |
| चार विषय समूह | विज्ञान, वाणिज्य, शिक्षा, मानविकी | | | २ | २.८१ | २(०.९३) |
| **कुल जम्मा** | | **१४२ (६६.६६)** | **१००** | **७१ (३३.३३)** | **१००** | **२१३** |

*स्रोत : उमाशिप २०५३ ।*

तालिका ५ ले विषयका आधारमा उमाविको विस्तार देखाउँछ जसमा एकलपथोन्मुख[१२] पाठ्यक्रम लागू भएपछि अहिले सम्मका पठनपाठन गर्ने विषयको विवरण छ । जति नयाँ विषयमा पाठ्यक्रम बन्दै या थपिँदै गए, त्यति गाउँ र शहरमा विषयगत असमानता बढ्दै गएको देखिन्छ ।

[१२] संकायगत पाठ्यक्रमलाई विस्थापित गरी २०५५ देखि एकलपथोन्मुख पाठ्यक्रम तयार गरिएको हो । शुरूमा यस अन्तर्गत अनिवार्य विषय बाहेक कक्षा ११ को लागि ४१ र कक्षा १२ को लागि ४३ विषयको पाठ्यक्रम तयार गरिएको थियो । यसमा विज्ञान, शिक्षा, व्यवस्थापन, कानून, आदि संकायगत छुट्टाछुट्टै पाठ्यक्रम हुँदैनन् । कक्षा ११ मा अनिवार्य अंग्रेजी, नेपाली, इच्छाधीन प्रथम पत्र, इच्छाधीन द्वितीय पत्र, इच्छाधीन तृतीय पत्र राखिएको छ । इच्छाधीन प्रथम, द्वितीय र तृतीयका सबै विषयहरूलाई छ समूहमा विभाजन गरिएको छ । यी छ समूह मध्येबाट अनिवार्य विषय बाहेक एक-एक विषय छनोट गर्नुपर्छ (हेर्नुहोस्, उमाशिप २०६५ग : ८–१२) ।

## तालिका ५ : विषययगत रूपमा ग्रामीण र शहरी क्षेत्रमा उमाविको विस्तार[१३]

| विषय | ग्रामीण क्षेत्र | | शहरी क्षेत्र | | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | उमावि | प्रतिशत | उमावि | प्रतिशत | | |
| अनिवार्य अंग्रेजी | १,८४५ | १००(७५.०३) | ६१४ | १००(२४.९६) | २,४५९ | १०० |
| फिजिक्स | १०८ | ६(३०) | २५२ | ४१(७०) | ३६० | १५ |
| शिक्षाको परिचय | १,७२२ | ९३(८४.४१) | ३१८ | ५२(१५.५८) | २,०४० | ८३ |
| राजनीतिशास्त्र | १५४ | ८(८६.०३) | २५ | ४(१३.९६) | १७९ | ७ |
| होम साइन्स | २ | ०(५०) | २ | ०(५०) | ४ | ० |
| होटल म्यानेजमेन्ट | ५९ | ३(२१.२९) | २१८ | ३६(७८.७०) | २७७ | ११ |
| समाजशास्त्र | ३६५ | २०(६४.२६) | २०३ | ३३(३५.७३) | ५६८ | २३ |
| जनरल ल | ४ | ०(४४.४४) | ५ | १(५५.५५) | ९ | ० |
| अनिवार्य नेपाली | १,८३७ | ९९.५६(७५.५३) | ५९५ | ९७(२४.४६) | २,४३२ | |
| कम्प्युटर साइन्स | १८१ | १०(४०.६७) | २६४ | ४३(५९.३२) | ४४५ | १८ |
| ऐच्छिक नेपाली | १,६४७ | ८९(८५.६०) | २७७ | ४५(१४.३९) | १,९२४ | ७८ |
| मैथिली | ६ | ० | २ | ० | ८ | ० |
| हिन्दी | ० | ० | १ | ० | १ | ० |
| नेवारी | १ | ० | ० | ० | १ | ० |
| भूगोल | ३६ | २(७६.५९) | ११ | २(२३.४०) | ४७ | २ |
| ग्रामीण विकास | १२६ | ७(७३.६८) | ४५ | ७(४.०९) | १७१ | ७ |
| फिजिक्स शिक्षा | ३३ | २(६३.४६) | १९ | ३(३६.५३) | ५२ | २ |
| केमेस्ट्री | १०७ | ६(२९.७२) | २५३ | ४१(७०.२८) | ३६० | १५ |
| अर्थशास्त्र | १,४१८ | ७७(७१.०७) | ५७७ | ९४(२८.९२) | १,९९५ | ८१ |
| जनसंख्या शिक्षा | ९४१ | ५१(८२.६१) | १९८ | ३२(१७.३८) | १,१३९ | ४६ |
| मास कम्युनिकेशन | ७८ | ४(३७.५०) | १३० | २१(६२.५०) | २०८ | ८ |
| फिलोसफी | १ | ०(३३.३३) | २ | ०(६६.६६) | ३ | ० |
| इन्भारन्मेन्ट एजुकेशन | १०१ | ५(७३.१८) | ३७ | ६(२६.८१) | १३८ | ६ |
| बायोलजी एजुकेशन | ३१ | २(६४.५८) | १७ | ३(४२.५०) | ४८ | २ |
| टिचिङ नेपाली | ३७२ | २०(८७.५२) | ५३ | ९(१२.४७) | ४२५ | १७ |
| टिचिङ अंग्रेजी | २४२ | १३(८९.२९) | २९ | ५(१०.७०) | २७१ | ११ |
| इतिहास | ५४ | ३(९०) | ६ | १(१०) | ६० | २ |
| संस्कृति | ३५ | २(६७.३०) | १७ | ३(३२.६९) | ५२ | २ |

[१३] उच्चमाध्यमिक शिक्षा परिषद्को परीक्षा नियन्त्रण कार्यालयबाट २०६६ सालको परीक्षामा संलग्न उमाविका विद्यार्थी विवरण अनुसार नगरपालिका र गाविसका आधारमा ग्रामीण र शहरी क्षेत्र छुट्ट्याइएको हो ।

| विषय | ग्रामीण क्षेत्र | | शहरी क्षेत्र | | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | उमावि | प्रतिशत | उमावि | प्रतिशत | | |
| ट्राभल एन्ड टुरिज्म | ३८ | २(३८.३८) | ६१ | १०(६१.६१) | ९९ | ४ |
| इलिमेन्ट्स अफ फाइनान्स | १३ | १(४०.६२) | १९ | ३(५९.३७) | ३२ | १ |
| कृषि | १२ | १(९२.३०) | १ | ०(७.६९) | १३ | १ |
| बिजनेस अर्गनाइजेशन एन्ड अफिस म्यानेजमेन्ट | ७८५ | ४३(६७.४३) | ३७९ | ६२(३२.५६) | १,१६४ | ४७ |
| म्याथम्याटिक्स | ९३२ | ५१(७०.५५) | ३८९ | ६३(२९.४) | १३२१ | ५४ |
| अफिस म्यानेजमेन्ट एन्ड सपोर्ट प्रोग्राम | ३५० | १९(६५.१७) | १८७ | ३०(३४.८२) | ५३७ | २२ |
| हेल्थ एन्ड फिजिकल एजुकेशन | १,००८ | ५५(७९.९३) | २५३ | ४१(२०.०६) | १,२६१ | ५१ |
| मनोविज्ञान | ३२ | २(७२.७२) | १२ | २(२७.२७) | ४४ | २ |
| लिंग्विस्टिक | १५३ | ८(९०) | १७ | ३(१०) | १७० | ७ |
| कोअपरेटिभ | १० | १(७६.९२) | ३ | ०(२३.०७) | १३ | १ |
| बोटनी | ११२ | ६(३०.९३) | २५० | ४१(६९.०६) | ३६२ | १५ |
| अंग्रेजी | १,४३६ | ७८(८०.९९) | ३३७ | ५५(१९.०१) | १,७७३ | ७२ |
| एकाउन्टेन्सी | १,१३३ | ६१(६६.२९) | ५७६ | ९४(३३.७०) | १,७०९ | ६९ |
| एजुकेशन पेडागोगी | १,७२३ | ९३(८४.३३) | ३२० | ५२(१५.६६) | २,०४३ | ८३ |

*स्रोत : उच्चमाध्यमिक शिक्षा परिषद्‌को परीक्षा नियन्त्रण कार्यालयको रेकर्ड, २०६६ ।*

*नोट : कोष्ठक बाहिरको प्रतिशत ठाडो र भित्रको तेर्सो योगफलमा आधारित छ ।*

उमाविहरूमा सबैभन्दा बढी शिक्षा विषय पठनपाठन हुने र शहरको तुलनामा गाउँमा झण्डै छ गुना बढी उमाविमा शिक्षा विषय पढाइने तालिका ५ ले देखाउँछ । उमाविहरूमाझ अर्को लोकप्रिय विषय अर्थशास्त्र रहेको देखिन्छ र यसको पठनपाठन पनि गाउँका धैरै उमाविहरूले गराउँछन् । केवल १५ प्रतिशत उमाविले मात्र विज्ञान समूह अध्यापन गराउँछन्, जसको घना फैलावट शहरमा छ । विज्ञान समूह पढाउने उमाविमध्ये शहरमा ७० र गाउँमा ३० प्रतिशत छन् । राजनीतिशास्त्र शहरमा कम लोकप्रिय विषय भए पनि ग्रामीण क्षेत्रमा यो विषय पढाइने उमाविहरू धैरै छन् ।

**तालिका ६ : अध्यापन गरिने विषय संख्याका आधारमा उमाविहरूको वितरण**[१४]

| विषय संख्या | ग्रामीण क्षेत्र | | शहरी क्षेत्र | | कुल | |
|---|---|---|---|---|---|---|
| | उमावि | प्रतिशत | उमावि | प्रतिशत | उमावि | प्रतिशत |
| पाँच | ४३ | २.३३(४७.२५) | ४८ | ७.८१ (५२.७४) | ९१ | ३.७० |
| छ | ४५ | २.४३ (५४.८७) | ३७ | ६.०२ (४५.१२) | ८२ | ३.३३ |
| सात | ११९ | ६.४४ (८५.६१) | २० | ३.२५ (१४.३८) | १३९ | ५.६५ |
| आठ | २२३ | १२.०८ (९२.५३) | १८ | २.९३ (७.४६) | २४१ | ९.८० |
| नौ | ३१६ | १७.१२ (८४.०४) | ६० | ९.७७ (१५.९५) | ३७६ | १५.२९ |
| दश | २८९ | १५.६६ (८२.१०) | ६३ | १०.२६ (१७.८९) | ३५२ | १४.३१ |
| एघार | २३७ | १२.८४ (७५.७१) | ७६ | १२.३७ (२४.१८) | ३१३ | १२.७२ |
| बाह्र | २१५ | ११.६५ (७७.०६) | ६४ | १०.४२ (२२.९३) | २७९ | ११.३४ |
| तेह्र | १४८ | ८.०२ (७५.५१) | ४८ | ७.८१ (२४.४८) | १९६ | ७.९७ |
| चौध | ८१ | ४.३९ (६१.८३) | ५० | ८.१४ (३८.१६) | १३१ | ५.३२ |
| पन्ध्र | ४३ | २.३३ (४४.७९) | ५३ | ८.६३ (५५.२०) | ९६ | ३.९० |
| सोह्र | ३६ | १.९५ | २१ | ३.४२ | ५७ | २.३१ |
| सत्र | २२ | १.१९ | १९ | ३.०९ | ४१ | १.६६ |
| अठार | १५ | ०.८१ | १६ | २.६० | ३१ | १.२६ |
| उन्नाइस | ६ | ०.३२ | ८ | १.३० | १४ | ०.५६ |
| बीस | ७ | ०.३७ | ५ | ०.८१ | १२ | ०.४८ |
| एक्काइस | ० | ० | ४ | ०.६५ | ४ | ०.१६ |
| बाइस | ० | ० | २ | ०.३२ | २ | ०.०८ |
| तेइस | ० | ० | १ | ०.१६ | १ | ०.०४ |
| पच्चीस | ० | ० | १ | ०.१६ | १ | ०.०४ |
| **जम्मा** | **१,८४५** | **१००** | **६१४** | **१००** | **२,४५९** | **१००** |

*स्रोत : उच्चमाध्यमिक शिक्षा परिषद्को परीक्षा नियन्त्रण कार्यालयको २०६६ को विषयगत परीक्षार्थी संख्याको तथ्यांक ।*

*नोट : कोष्ठक बाहिरको प्रतिशत ठाडो र भित्रको तेर्सो योगफलमा आधारित छ ।*

सामान्यतया, शहरमा कम लोकप्रिय विषय गाउँमा चल्तीका विषय बनेको देखिन्छ । समाजशास्त्र अध्यापन हुने उमाविहरू गाउँमा धेरै छन् तर यसको लोकप्रियता चाहिँ शहरमा छ किनभने शहरका कुल उमाविमध्ये ३३ र गाउँका कुल उमाविमध्ये २० प्रतिशतमा यो

[१४] उमाशिप २०६६ को विषयगत परीक्षार्थी संख्याको तथ्यांक अनुसार विषयगत उमाविको विवरण तयार पारिएको हो । गाविसलाई गाउँ र नगरपालिकालाई शहरी क्षेत्र मानी ग्रामीण क्षेत्र र शहरी क्षेत्र छुट्ट्याइएको हो ।

विषयको पढाइ हुन्छ । कम्प्युटर साइन्स शहरीया विषय भएको छ । कुल उमाविमध्ये धेरैमा ऐच्छिक नेपाली विषय पढाइन्छ । ऐच्छिक नेपाली पढाइने मध्येमा ८५.६० प्रतिशत उमावि गाउँमा छन् । गणित विषय हुने उमावि गाउँमा नै बढी भए पनि गाउँका उमाविमध्ये ५१ र शहरका उमाविमध्ये ६३ प्रतिशतमा अध्यापन हुनुले यो विषय गाउँमुखी भएको भन्न मिल्दैन । जनसंख्या शिक्षा पनि गाउँका उमाविमा नै बढी पढाइ हुन्छ । कुल उमाविमध्ये ७२ प्रतिशतमा अंग्रेजी विषय पढाइन्छन् भने गाउँका ८१ प्रतिशत उमाविमा यो विषय पढाइन्छ । यसले ऐच्छिक अंग्रेजी विषयको गाउँमा विस्तार सन्तोषप्रद भएको देखाउँछ । त्यस्तै, कुल उमाविको ६९ प्रतिशतमा लेखा विषयको पढाइ हुन्छ । व्यवस्थापन समूहको गाउँमा राम्रो विस्तार देखिए पनि कुल गाउँका उमाविमा ६१ प्रतिशतमा र शहरका जम्मा उमाविमध्ये ९४ प्रतिशतमा यसको पठनपाठन हुन्छ ।

अध्यापन गरिने विषय संख्याका आधारमा गाउँ र शहरका उमाविहरू बीचको असमानता तालिका ६ मा दिइएको छ । यसले विद्यार्थीको विषय छान्ने अवसरलाई प्रस्ट्याउँछ । नेपालका उमाविहरूमा अध्यापन गरिने विषयहरू केलाउँदा गाउँका उमाविमा बीस ओटा विषयसम्म पठनपाठन हुने देखिन्छ भने शहरमा पच्चीस ओटा विषयसम्म पढाइन्छ । तालिका ६ अनुसार शहरमा एघार ओटा विषय अध्यापन गर्ने उमाविको संख्या धेरै छ भने गाउँमा उत्तिकै विषयगत विविधता देखिँदैन । गाउँका उमाविमा मूल रूपमा नौ ओटा विषय पढाइन्छ ।

तालिका ७ मा विषयगत आधारमा विद्यार्थी संख्या दिइएको छ, जसले गाउँ र शहर बीचको असमानता थप प्रस्ट्याउँछ । गाउँ र शहरमा एकैखाले विषय अध्यापन गरिँदा विद्यार्थी संख्यामा फरक पर्ने देखिन्छ ।

नेपालभर उमावि अध्ययनरत विद्यार्थीमध्ये गाउँका उमाविमा ६१ र शहरमा ३९ प्रतिशत अध्ययनरत छन् (तालिका ७) । शहरका उमाविमा विज्ञान, व्यवस्थापन समूहका धेरै विद्यार्थी छन् । शिक्षा, राजनीतिशास्त्र, समाजशास्त्र, ऐच्छिक नेपाली, अर्थशास्त्र, जनसंख्या, इतिहास, लिंग्विस्टिक्स, अंग्रेजी, आदि विषयका विद्यार्थी गाउँमा धेरै छन् । कुल विद्यार्थीमध्ये नौ प्रतिशत विज्ञान समूहमा भर्ना हुन्छन् । तर गाउँका विद्यार्थीमध्ये विज्ञान समूह अध्ययन गर्नेको संख्या दुई प्रतिशत मात्र छ । शहरका उमावि तहका विद्यार्थीमध्ये २० प्रतिशतले विज्ञान समूह पढ्ने देखिन्छ । यसले विज्ञान पढ्ने विद्यार्थी संख्या शहरमा धेरै र गाउँमा थोरै भएको देखाउँछ ।

## तालिका ७ : विषयगत आधारमा विद्यार्थीको वितरण[१५]

| विषय | ग्रामीण क्षेत्र | | शहरी क्षेत्र | | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | विद्यार्थी | प्रतिशत | विद्यार्थी | प्रतिशत | | |
| अनिवार्य अंग्रेजी | १८२,२३२ | १०० (६१) | ११८,५६० | १०० (३९) | ३००,७९२ | १०० |
| फिजिक्स | ३,८८१ | २ (१४) | २३,५६८ | २० (८६) | २७,४४९ | ९ |
| शिक्षाको परिचय | १२०,५७३ | ६६ (८१) | २८,८५६ | २४ (१९) | १४९,४२९ | ५० |
| राजनीतिशास्त्र | ३,०६३ | २ (८८) | ४०३ | ०.३३ (१२) | ३,४६६ | १ |
| होम साइन्स | ५ | ०.००२ (७१) | २ | ०.००१ (२९) | ७ | ० |
| होटल म्यानेजमेन्ट | २,२६८ | १९ (१९) | ९,९३१ | ८ (८१) | १२,१९९ | ४ |
| समाजशास्त्र | ९,३९३ | २५ (५९) | ६,६२९ | ६ (४१) | १६,०२२ | ५ |
| जनरल ल | ४३ | ०.०२ (४७) | ४९ | ० (५३) | ९२ | ० |
| अनिवार्य नेपाली | १७८,४७३ | ९८ (६५) | ९४,५२५ | ८० (३५) | २७२,९९८ | ९१ |
| कम्प्युटर साइन्स | ४,७१६ | ३ (२८) | ११,९३० | १० (७२) | १६,६४६ | ६ |
| ऐच्छिक नेपाली | ७०,५७५ | ३९ (८३) | १४,३४१ | १२ (१७) | ८४,९१६ | २८ |
| मैथिली | २० | ०.०१ (७४) | ७ | ० (२६) | २७ | ० |
| हिन्दी | ० | ० | १ | ० (१००) | १ | ० |
| नेवारी | १ | ० (१००) | ० | ० | १ | ० |
| भूगोल | ९०९ | ०.४९ (८३) | १८५ | ०.१५ (१७) | १,०९४ | ० |
| ग्रामीण विकास | ४,८५८ | ३ (७५) | १,६६० | १ (२५) | ६,५१८ | २ |
| फिजिक्स शिक्षा | ७३३ | ०.४० (६२) | ४५६ | ०.३८ (३८) | १,१८९ | ० |
| केमेस्ट्री | ३,८१४ | २ (१४) | २३,६९१ | २० (८६) | २७,५०५ | ९ |
| अर्थशास्त्र | ६८,१८२ | ३७ (५४) | ५८,८७५ | ५० (४६) | १२७,०५७ | ४२ |
| जनसंख्या शिक्षा | ४४,७३१ | २५ (७७) | १३,६६५ | १२ (१३) | ५८,३९६ | १९ |
| मास कम्युनिकेशन | १,८५३ | १ (३५) | ३,४६९ | ३ (६५) | ५,३२२ | २ |
| फिलोसफी | १ | ० (३३) | २ | ० (७७) | ३ | ० |
| इन्भारन्मेन्ट एजुकेशन | ५,३६८ | ३ (६८) | २,४६० | २ (३२) | ७,८४८ | ३ |
| बायोलजी एजुकेशन | ७२४ | ०.३९ (६३) | ४३० | ०.३६ (३७) | १,१५४ | ० |
| टिचिङ नेपाली | २४,७०५ | १४ (८७) | ३,८३० | ३ (१३) | २८,५३५ | ९ |
| टिचिङ अंग्रेजी | ४,२३४ | २ (८८) | ५९० | ०.४९ (१२) | ४,८२४ | २ |
| इतिहास | ८९४ | ०.४९ (९६) | ३३ | ०.०२ (४) | ९२७ | ० |
| संस्कृति | १,२३५ | १ (८०) | ३१० | ० (२०) | १,५४५ | १ |

[१५] उमाशिपको परीक्षा नियन्त्रण कार्यालयबाट २०६६ सालको परीक्षार्थी विवरणलाई नगरपालिकालाई शहर र गाविसलाई गाउँ मानी ग्रामीण क्षेत्र र शहरी क्षेत्रको उमाविहरू छुट्ट्याइएको हो ।

| विषय | ग्रामीण क्षेत्र | | शहरी क्षेत्र | | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | विद्यार्थी | प्रतिशत | विद्यार्थी | प्रतिशत | | |
| ट्राभल एन्ड टुरिज्म | ८४५ | ०.४६ (३२) | १,८०२ | २ (६८) | २,६४७ | १ |
| कृषि | १६३ | ०.०८ (९९) | १ | ० (१) | १६४ | ० |
| इलिमेन्ट्स अफ फाइनान्स | ३८६ | ०.२१ (३३) | ७८५ | १ (६७) | १,१७१ | ० |
| बिजनेस अर्गनाइजेशन एन्ड अफिस म्यानेजमेन्ट | २५,२६० | १४ (४८) | २७,६१३ | २३ (५२) | ५२,८७३ | १८ |
| म्याथम्याटिक्स | ११,३६३ | ६ (२९) | २७,५५२ | २३ (७१) | ३८,९१५ | १३ |
| अफिस म्यानेजमेन्ट एन्ड सपोर्ट प्रोग्राम | १२,३४७ | ७ (४८) | १३,१५५ | ११ (५२) | २५,५०२ | ८ |
| हेल्थ एन्ड फिजिकल एजुकेशन | ५३,४२२ | २९ (७६) | १६,९३७ | १४ (२४) | ७०,३५९ | २३ |
| मनोविज्ञान | ८९४ | ०.४९ (७६) | २७६ | ०.२३ (२४) | १,१७० | ० |
| लिंग्विस्टिक | २,५२९ | १ (८५) | ४३७ | ०.३६ (१५) | २,९६६ | १ |
| कोअपरेटिभ | ३७३ | ०.२० (८५) | ६५ | ०.०५ (१५) | ४३८ | ० |
| बोटनी | ३,७०२ | २ (१५) | २०,२३३ | १७ (८५) | २३,९३५ | ८ |
| अंग्रेजी | २२,५३६ | १२ (७३) | ८,३५७ | ७ (२७) | ३०,८९३ | १० |
| एकाउन्टेन्सी | ४४,३४४ | २४ (४३) | ५८,६१५ | ४९ (५७) | १०२,९५९ | ३४ |
| एजुकेशन पेडागोगी | १२०,५६८ | ६६ (८१) | २८,८३८ | २४ (१९) | १४९,४०६ | ५० |

*स्रोत : उच्चमाध्यमिक शिक्षा परिषद्को परीक्षा नियन्त्रण कार्यालयको २०६६ को विषयगत परीक्षार्थी संख्याको तथ्यांक ।*

*नोट : कोष्ठक बाहिरको प्रतिशत ठाडो र भित्रको तेर्सो योगफलमा आधारित छ ।*

तालिका ८ मा गाउँ र शहरको विभाजनमा गाविस र नगरपालिकालाई मात्र नलिई सेवासुविधा पुगेका गाविसलाई शहरमा राखी गाउँ र शहर बीचको विषयगत विस्तार प्रस्तुत गरिएको छ । यहाँ सेवासुविधा भन्नाले भौतिक पूर्वाधार जस्तै मोटरबाटो, बिजुलीबत्ती, कलकारखाना, अस्पताल, आदिको सुविधालाई जनाउँछ । काठमाडौँ उपत्यकाका धेरै उमावि प्रशासनिक हिसाबले गाविसमा परे पनि तीमध्ये धेरै सुविधाका आधारमा शहरमा पर्छन् ।

## तालिका ८ : सुविधाका आधारमा वर्गीकृत गाउँ र शहरका उमाविमा पढाइने विषयहरूको वितरण[१६]

| विषय | ग्रामीण क्षेत्र | प्रतिशत | शहरी क्षेत्र | प्रतिशत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| अनिवार्य अंग्रेजी | १,५७८ | १०० (६४.१७) | ८८१ | १०० (३५.८२) | २,४५९ | १०० |
| फिजिक्स | ६२ | ४ (१७.२२) | २९८ | ३४ (८२.७७) | ३६० | १५ |
| शिक्षाको परिचय | १,५३७ | ९७ (७५.३४) | ५०३ | ५७ (२४.६५) | २,०४० | ८३ |
| राजनीतिशास्त्र | १३२ | ८ (७३.७४) | ४७ | ५ (२६.२५) | १७९ | ७ |
| होम साइन्स | १ | ० (२५) | ३ | ० (७५) | ४ | ० |
| होटल म्यानेजमेन्ट | १५ | १ (५.४१) | २६२ | ३० (९४.५८) | २७७ | ११ |
| समाजशास्त्र | २८१ | १८ (४९.४७) | २८७ | ३३ (५०.५२) | ५६८ | २३ |
| जनरल ल | ४ | ० (४४.४४) | ५ | १ (५५.५५) | ९ | ० |
| अनिवार्य नेपाली | १,५७५ | १०० (६४.७६) | ८५७ | ९७ (३५.२३) | २,४३२ | ९९ |
| कम्प्युटर साइन्स | १०७ | ७ (२४.०४) | ३३९ | ३८ (७५.९५) | ४४५ | १८ |
| ऐच्छिक नेपाली | १,४७२ | ९३ (७६.५०) | ४५२ | ५१ (२३.४९) | १,९२४ | ७८ |
| मैथिली | ६ | ० (७५) | २ | ० (२५) | ८ | ० |
| हिन्दी | ० | ० | १ | ० | १ | ० |
| नेवारी | १ | ० | ० | ० | १ | ० |
| भूगोल | २९ | २ (६१.७०) | १८ | २ (३८.२९) | ४७ | २ |
| ग्रामीण विकास | ११० | ७ (६४.३२) | ६१ | ७ (३५.६७) | १७१ | ७ |
| फिजिक्स शिक्षा | २९ | २ (५५.७६) | २४ | ३ (४४.२३) | ५२ | २ |
| केमेस्ट्री | ६० | ४ (१६.६६) | ३०० | ३४ (८३.३३) | ३६० | १५ |
| अर्थशास्त्र | १,१७३ | ७४ (५८.७९) | ८२२ | ९३ (४१.२०) | १,९९५ | ८१ |
| जनसंख्या शिक्षा | ८३३ | ५३ (७३.१३) | ३०६ | ३५ (२६.८६) | १,१३९ | ४६ |
| मास कम्युनिकेशन | ३८ | २ (१८.२६) | १७० | १९ (८१.७३) | २०८ | ८ |
| फिलोसफी | १ | ० | २ | ० | ३ | ० |
| इन्भारन्मेन्ट एजुकेशन | ८१ | ५ (५८.६९) | ५७ | ६ (४१.३०) | १३८ | ६ |
| बायोलजी एजुकेशन | २६ | २ (५४.१६) | २२ | २ (४५.८३) | ४८ | २ |
| टिचिङ नेपाली | ३४४ | २२ (८०.९४) | ८१ | ९ (१९.०५) | ४२५ | १७ |
| टिचिङ अंग्रेजी | २२४ | १४ (८२.६५) | ४७ | ५ (१७.३४) | २७१ | ११ |
| इतिहास | ५१ | ३ (८५) | ९ | १ (१५) | ६० | २ |
| संस्कृति | २६ | २ (५०) | २६ | ३ (५०) | ५२ | २ |

[१६] उमाशिपको परीक्षा नियन्त्रण कार्यालयबाट २०६६ सालको परीक्षार्थी विवरणलाई गाविस र नगरपालिकालाई मात्र आधार नमानी थप सुविधा जस्तै : यातायात, बिजुलीबत्ती, शहरीकरणलाई आधार मानी गाउँ र शहरमा छुट्ट्याइएको हो ।

| विषय | ग्रामीण क्षेत्र | प्रतिशत | शहरी क्षेत्र | प्रतिशत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ट्राभल एन्ड टुरिज्म | २१ | १ (२१.२१) | ७८ | ९ (७८.७८) | ९९ | ४ |
| इलिमेन्ट्स अफ फाइनान्स | १२ | १ (३७.५०) | २० | २ (६२.५०) | ३२ | १ |
| कृषि | ११ | १ (८४.६१) | २ | ० (१५.३८) | १३ | १ |
| बिजनेस अर्गनाइजेशन एन्ड अफिस म्यानेजमेन्ट | ६२८ | ४० (५३.९५) | ५३६ | ६१ (४६.०४) | १,१६४ | ४७ |
| म्याथम्याटिक्स | ७९९ | ५१ (६०.४८) | ५२२ | ५९ (३९.५१) | १,३२१ | ५४ |
| अफिस म्यानेजमेन्ट एन्ड सपोर्ट प्रोग्राम | २६६ | १७ (४९.५३) | २७१ | ३१ (५०.४६) | ५३७ | २२ |
| हेल्थ एन्ड फिजिकल एजुकेशन | ८९८ | ५७ (७१.२१) | ३६३ | ४१ (२८.७८) | १,२६१ | ५१ |
| मनोविज्ञान | २७ | २ (६१.३६) | १७ | २ (३८.६३) | ४४ | २ |
| लिंग्विस्टिक | १५० | १० (८८.२३) | २० | २ (११.७६) | १७० | ७ |
| कोअपरेटिभ | ७ | ० (५३.८४) | ६ | १ (४६.१५) | १३ | १ |
| बोटनी | ६६ | ४ (१८.२३) | २९६ | ३४ (८१.७६) | ३६२ | १५ |
| अंग्रेजी | १,२६१ | ८० (७१.१२) | ५१२ | ५८ (२८.८७) | १,७७३ | ७२ |
| एकाउन्टेन्सी | ८९१ | ५६ (५२.१३) | ८१८ | ९३ (४७.८६) | १,७०९ | ६९ |
| एजुकेशन पेडागोगी | १,५३७ | ९७ (७५.२३) | ५०६ | ५७ (२४.७६) | २,०४३ | ८३ |

*स्रोत : उच्चमाध्यमिक शिक्षा परिषद्को परीक्षा नियन्त्रण कार्यालयको २०६६ को विषयगत परीक्षार्थी संख्याको तथ्यांक ।*

*नोट : कोष्ठक बाहिरको प्रतिशत ठाडो र भित्रको तेर्सो योगफलमा आधारित छ ।*

तालिका ९ ले कुल उमाविमध्ये ६४.१७ प्रतिशत गाउँमा छन् भन्ने देखाउँछ । क्षेत्रफलका हिसाबले हेर्ने हो गाउँको तुलनामा शहरको क्षेत्र निकै कम छ तर आनुपातिक रूपमा हेर्दा गाउँको तुलनामा शहरमा धेरै उमावि छन् । सुविधाका आधारमा गाउँ र शहरलाई छुट्ट्याउने हो भने विषयगत असमानता अझ बढ्छ । शहरी क्षेत्रमा विज्ञान विषयका उमाविको उपस्थिति तालिका ५ मा दिएको भन्दा बढ्छ । त्यस्तै, गाउँ क्षेत्रमा शिक्षा समूहको उमाविको उपस्थिति पनि झनै बढ्छ । तालिका ५ ले ग्रामीण क्षेत्रमा ९३ प्रतिशत शिक्षा समूहको उमावि भएको देखाउँछ, जुन सुविधाका हिसाबले गाउँ छुट्ट्याउँदा बढेर ९७ प्रतिशत पुग्छ । त्यसै गरी सुविधाका आधारमा गाउँ र शहरको वर्गीकरण गर्दा शहरमा पढ्ने विद्यार्थी संख्या बढ्छ र यसले विद्यार्थी वितरणमा गाउँ र शहर बीचको असमानताको खाडल झन् ठूलो देखाउँछ (तालिका ९) ।

## तालिका ९ : सुविधाका आधारमा वर्गीकृत गाउँ र शहरमा विषयगत विद्यार्थीहरूको वितरण[१७]

| विषय | ग्रामीण क्षेत्र | | शहरी क्षेत्र | | कुल | |
|---|---|---|---|---|---|---|
| | विद्यार्थी | प्रतिशत | विद्यार्थी | प्रतिशत | विद्यार्थी | प्रतिशत |
| अनिवार्य अंग्रेजी | १४७,६७२ | १०० (४९.०९) | १५३,१२० | १०० (५०.९०) | ३००,७९२ | १०० |
| फिजिक्स | १,८३० | १ (६.६६) | २५,६१९ | १७ (९३.३३) | २७,४४९ | ९ |
| शिक्षाको परिचय | १०७,५६४ | ७३ (७१.९८) | ४१,८६५ | २७ (२८.०१) | १४९,४२९ | ५० |
| राजनीतिशास्त्र | २,४४१ | २ (७०.४२) | १,०२५ | १ (२९.५७) | ३,४६६ | १ |
| होम साइन्स | ३ | ०.००२ (४२.८५) | ४ | ०.००२ (५७.१४) | ७ | ० |
| होटल म्यानेजमेन्ट | ४१४ | ०.२८ (३.३९) | ११,७८५ | ८ (९६.६०) | १२,१९९ | ४ |
| समाजशास्त्र | ६,६२४ | ४ (४१. ४३) | ९,३९८ | ६ (५८.६५) | १६,०२२ | ५ |
| जनरल ल | ४३ | ०.०२ (४६.७३) | ४९ | ०.०३ (५३.२६) | ९२ | ० |
| अनिवार्य नेपाली | १४५,८०६ | ९९ (५३.४०) | १२७,१९२ | ८३ (४६.५९) | २७२,९९८ | ९१ |
| कम्प्युटर साइन्स | २,२४५ | २ (१३.४८) | १४,४०१ | ९ (८६.५१) | १६,६४६ | ६ |
| ऐच्छिक नेपाली | ६२,२२३ | ४२ (७३.२७) | २२,६९३ | १५ (२६.७२) | ८४,९१६ | २८ |
| मैथिली | २० | ० (७४.०७) | ७ | ० (२५.९२) | २७ | ० |
| हिन्दी | ० | ० | १ | ० | १ | ० |
| नेवारी | १ | ० | ० | ० | १ | ० |
| भूगोल | ७९९ | १ (७३.०३) | २९५ | ०.१९ (२६.९६) | १,०९४ | ० |
| ग्रामीण विकास | ४,२९६ | ३ (६५.९०) | २,२२२ | १ (३४.०९) | ६,५१८ | २ |
| फिजिक्स शिक्षा | ६६३ | ०.४४ (५५.३४) | ५२६ | ०.३४ (४४.२३) | १,१८९ | ० |
| केमेस्ट्री | १,८२५ | १ (६.६३) | २५,६८० | १७ (९३.३६) | २७,५०५ | ९ |
| अर्थशास्त्र | ५०,४२४ | ३४ (३९.८६) | ७६,६३३ | ५० (६०.३१) | १२७,०५७ | ४२ |
| जनसंख्या शिक्षा | ३८,९९६ | २६ (६६.७७) | १९,४०० | १३ (३३.२२) | ५८,३९६ | १९ |
| मास कम्युनिकेशन | ८०८ | १ (१५.१८) | ४,५१४ | ३ (८४.८१) | ५,३२२ | २ |
| फिलोसफी | १ | ० | २ | ० | ३ | ० |
| इन्भारन्मेन्ट एजुकेशन | ३,९३३ | ३ (५०.११) | ३,९१५ | ३ (४९.८८) | ७,८४८ | ३ |
| बायोलजी एजुकेशन | ६५४ | ०.४४ (५६.६७) | ५०० | ०.३२ (४३.३२) | ११५४ | ० |
| टिचिङ नेपाली | २२,३७९ | १५ (७८.४२) | ६,१५६ | ४ (२१.५७) | २८,५३५ | ९ |
| टिचिङ अंग्रेजी | ३,७६० | ३ (७७.९४) | १,०६४ | १ (२२.०५) | ४,८२८ | २ |
| इतिहास | ८५९ | १ (९२.६६) | ६८ | ० (७.३३) | ९२७ | ० |

[१७] उमाशिपको परीक्षा नियन्त्रण कार्यालयबाट २०६६ सालको परीक्षार्थी विवरणलाई गाविस र नगरपालिकालाई मात्र आधार नमानी थप सुविधा जस्तै : यातायात, बिजुलीबत्ती, शहरीकरणलाई आधार मानी गाउँ र शहरमा छुट्ट्याइएको हो ।

| विषय | ग्रामीण क्षेत्र | | शहरी क्षेत्र | | कुल | |
|---|---|---|---|---|---|---|
| | विद्यार्थी | प्रतिशत | विद्यार्थी | प्रतिशत | विद्यार्थी | प्रतिशत |
| संस्कृति | ९६६ | १ (६२.५२) | ५७९ | ०.३७ (३७.४७) | १,५४५ | १ |
| ट्राभल एन्ड टुरिज्म | ३८७ | ० (१४.६२) | २,२६० | १ (८५.३७) | २,६४७ | १ |
| इलिमेन्ट्स अफ फाइनान्स | ३६८ | ०.२६ (३१.४२) | ८०३ | १ (६८.५७) | १,१७१ | ० |
| कृषि | १६२ | ० (९८.७८) | २ | ० (१.२१) | १६४ | ० |
| बिजनेस अर्गनाइजेशन एन्ड अफिस म्यानेजमेन्ट | १७,४०३ | १२ (३२.९१) | ३५,४७० | २३ (६७.०८) | ५२,८७३ | १८ |
| म्याथम्याटिक्स | ८,२१२ | ६ (२१.१०) | ३०,७०३ | २० (७८.८९) | ३८,९१५ | १३ |
| अफिस म्यानेजमेन्ट एन्ड सपोर्ट प्रोग्राम | ८,०५७ | ५ (३१.५९) | १७,४४५ | ११ (६८.४०) | २५,५०२ | ८ |
| हेल्थ एन्ड फिजिकल एजुकेशन | ४७,११२ | ३२ (६६.९५) | २३,२४७ | १५ (३३.०५) | ७०,३५९ | २३ |
| मनोविज्ञान | ७५८ | १ (६४.७८) | ४१२ | ० (३५.२१) | १,१७० | ० |
| लिंग्विस्टिक | २,५०२ | २ (८४.३५) | ४६४ | ० (१५.६४) | २,९६६ | १ |
| कोअपरेटिभ | ३१९ | ० (७२.८३) | ११९ | ० (२७.१६) | ४३८ | ० |
| बोटनी | १,८१७ | १ (७.५९) | २२,११८ | १४ (९२.४०) | २३,९३५ | ८ |
| अंग्रेजी | १९,२६४ | १३ (६५.३५) | ११,६२९ | ८ (३७.६४) | ३०,८९३ | १० |
| एकाउन्टेन्सी | २८,४२६ | १९ (२७.६०) | ७४,५३३ | ४९ (७२.३९) | १०२,९५९ | ३४ |
| एजुकेशन पेडागोगी | १०७,५६१ | ७३ (७१.९९) | ४१,५३३ | २७ (२८.११) | १४९,४०६ | ५० |

*स्रोत : उच्चमाध्यमिक शिक्षा परिषद्को परीक्षा नियन्त्रण कार्यालयको २०६६ को विषयगत परीक्षार्थी संख्याको तथ्यांक ।*

*नोट : कोष्ठक बाहिरको प्रतिशत ठाडो र भित्रको तेर्सो योगफलमा आधारित छ ।*

तालिका ७ ले शहरमा अध्ययनरत विद्यार्थी संख्या ३९ प्रतिशत देखाउँछ तर तालिका ९ मा त्यो बढेर करिब ५१ प्रतिशत पुग्छ । विज्ञान विषयका विद्यार्थी संख्या केलाउने हो भने सो तालिका ७ मा भन्दा बढ्छ : विज्ञान विषयका कुल उमाविको १७ प्रतिशत गाउँमा हुँदा पनि ६.७७ प्रतिशत मात्र विद्यार्थी गाउँमा पढ्नुले विज्ञानका विद्यार्थीको "डेस्टिनेशन" शहर भएको देखाउँछ । शिक्षा विषयको हकमा भने त्यो गाउँउन्मुख देखिन्छ । शिक्षा समूहको विद्यार्थी प्रतिशत तालिका ७ मा भन्दा तालिका ९ मा बढ्छ । गाउँ र शहरमा व्यवस्थापन विषयका विद्यार्थीको वितरण तालिका ७ भन्दा असमान हुन्छ । गाविस र नगरपालिकालाई आधार मानी ग्रामीण र शहरी क्षेत्र बीचको शैक्षिक असमानतालाई हेर्दाभन्दा सुविधाका

आधारमा ग्रामीण र शहरी क्षेत्र छुट्ट्याउँदा अझ बढी असमानता देखिन्छ । यसैले गाउँ र शहर बीचमा उमाशिको विस्तारसँग जन्मिएका शैक्षिक असमानतालाई तालिका ८ र तालिका ९ ले थप पुष्टि गर्छ ।

समग्रमा हेर्ने हो भने ग्रामीण क्षेत्रका उमाविहरू अभावमा चलिरहेका छन् । उमाविको प्रकारलाई आधार मान्दा ग्रामीण र शहरी क्षेत्रमा उमाविको विस्तारमा असमानता देखिन्छ । शहरमा निजी उमाविको विस्तार छ भने गाउँमा सामुदायिक उमावि विस्तार भएका छन् । विषयगत आधारमा हेर्दा नेपाली, शिक्षा जस्ता विषयका उमावि गाउँमा धेरै छन् भने शहरमा विज्ञान र व्यवस्थापन विषयको प्रचुरता छ । शहरका उमाविमा विषयगत विविधता गाउँका उमाविमा भन्दा धेरै छ । शहरका उमाविमा विज्ञान, व्यवस्थापन समूहमा अध्ययन गर्ने विद्यार्थी धेरै छन् । गाउँका उमाविमा शिक्षा, राजनीतिशास्त्र, ऐच्छिक नेपाली, अर्थशास्त्र जस्ता विषयका विद्यार्थी धेरै छन् ।

## ग्रामीण उमाविको अवस्था : महेन्द्रोदय र शान्ति उमाविको नमुना अध्ययन

गाउँका उमाविको अवस्थालाई व्यवस्थापकीय, भौतिक तथा शैक्षिक पक्षका आधारमा विभिन्न सात उपशीर्षकमा वर्गीकरण गरी चर्चा गरिएको छ । यसक्रममा मुख्य दुई उमावि—महेन्द्रोदय र शान्ति—मा यो खण्ड केन्द्रित छ ।

### *उमावि स्थापना*

वि.सं. २०५६ मा खोटाङ जिल्लाको ओख्रेमा महेन्द्रोदय उमावि र ओख्रेको शाखाका रूपमा छोरम्बूमा २०६५ मा शान्ति उमाविको स्थापना भयो । माविकै संरचनामा थप गरी यी दुवै उमावि स्थापना गरिएको हो । बाहिर पढ्न जान नसक्नेलाई गाउँमै सुविधा होस् भन्ने उद्देश्य लिएर उमावि सञ्चालन गरिएको थियो । यी विद्यालयमा उमावि खोल्ने परिकल्पना शिक्षकहरूले गरे पनि निर्णय भने अभिभावक भेलाले गरेको हो । दुवै माविलाई उमावि तुल्याउने या स्तरोन्नति गर्ने बेलामा अभिभावक भेला बोलाइएको थियो । डाँडागाउँ गाविसका तत्कालीन अध्यक्षका अनुसार, "उमावि चलाउनेबारे छलफल गर्न छ गाविसका प्रतिनिधि सहितको अभिभावक भेला बोलाइयो । गाविसको तीन लाख र विद्यालयको एक लाख रुपैयाँ मिलाएर सम्बन्धनका लागि आवश्यक धरौटी राख्ने निर्णय भयो । दुवै उमाविले सम्बन्धन लिन काठमाडौँ बस्नेहरूको सरसहयोग लिए ।"[१८] तर सम्बन्धन प्राप्त गर्न सहज थिएन । उमाविको सम्बन्धन लिँदा भोगेका समस्याबारे विद्यालय व्यवस्थापन समिति (विव्यस) का तत्कालीन अध्यक्ष चन्द्रबहादुर रोका भन्छन् :

[१८] महेन्द्रोदय उमाविको विव्यसका पूर्वअध्यक्ष चक्रबहादुर रोकासँग मंसिर ५, २०६७ मा गरिएको कुराकानी ।

> धारा कुलोमा बजेट लगाउँदा विकास भएन, मुख्य कुरा शिक्षा भनी लगानी गरेँ तर मलाई असफल बनाउने योजना रहेछ । उमाविको सम्बन्धन लिन सरहरू काठमाडौँ गए । त्यहाँ बस्नेहरूको सहयोगमा सबै प्रक्रिया मिलाएर आएँ । तर पहिलो सम्बन्धन सूचीमा नाम नपर्नाले उमावि नचल्ने हल्ला भयो । तत्काल काठमाडौँ गएँ, स्वीकृति लिई गाउँ आउँदा त रोकेका विद्यार्थीलाई प्रमाणपत्र दिएर शिक्षकले असहयोग गरे ।[१९]

शिक्षामा लगानी गर्दा विकास हुने सोचेर गाविसको बजेट धरौटी राखी गाउँमा उमावि स्थापना गरिन्छ । तर सम्बन्धन लिन पटक-पटक काठमाडौँ धाउनुपर्छ । भौगोलिक विकटताले गर्दा सम्बन्धन लिनका लागि जाँदा-आउँदा समय र खर्च धेरै लाग्छ । त्यस बाहेक, उमाविको सम्बन्धन लिँदा चाहिने स्नातकोत्तर योग्यताको शिक्षकको प्रमाणपत्र र नियुक्तिपत्र तयार गर्न गाउँका उमाविलाई थप समस्या छ । शान्ति उमाविका प्रअ भन्छन् :

> गाविसमा [एमए] डिग्री [हासिल] गरेकाहरूको कमीले पाँच जना शिक्षकको प्रमाणपत्र खोज्न गाह्रै भयो । काठमाडौँ बस्ने साथीभाइको सहयोगले झण्डै महिना दिनमा प्रमाणपत्र जुट्यो । काठमाडौँ धाउँदा नै तीन महिनाजति लाग्यो र विद्यालयको पैसा पनि खर्च भयो । उमाशिपको निरीक्षण टोलीलाई वास्तविकता अर्कै भए पनि कागतपत्रमा रिपोर्ट मिलाइ पठाइयो ।[२०]

सम्बन्धन सम्बन्धी केही शर्तहरू गाउँका उमाविका लागि अव्यावहारिक भएको उनीहरूको ठहर छ । शान्ति उमाविका प्रअ प्रेमकुमार राई भन्छन् :

> अगाडि नै पाँच जना डिग्री शिक्षक नियुक्तिको कागजात माग्नु गलत हो । पाँच-छ महिना सम्बन्धन लिन लाग्छ, नियुक्ति पाएपछि पाँच-छ महिना के गर्ने ? कसले तलब दिने ? यदि स्वीकृति नदिएमा तिनको तलब कसले दिने र कसरी अवकाश गर्ने ? उल्टो काम भएकोले कागजमा मात्रै मिलाउँदा हुन्छ । सम्बन्धन पाएपछि पो नियुक्ति गर्नुपर्ने र निरीक्षण हुनुपर्ने हो । सम्बन्धन लिँदाका शिक्षक यहाँ आएकै छैनन्, नाममात्रको नियुक्ति भएकाले शहरमै छन् ।[२१]

माथिको वर्णनबाट गाउँका उमाविलाई सम्बन्धन लिन सहज नभएको, सम्बन्धन सम्बन्धी कतिपय शर्तहरू अव्यावहारिक रहेका, पूर्वाधारको निरीक्षण सतही हुने गरेको बुझिन्छ ।

[१९] रोकासँग मंसिर ५, २०६७ मा गरिएको कुराकानी ।
[२०] प्रअ प्रेमकुमार राईसँग असोज २३, २०६७ मा गरिएको कुराकानी ।
[२१] राईसँग असोज २३, २०६७ मा गरिएको कुराकानी ।

उमाविको सम्बन्धन लिन पूरा गर्नुपर्ने पूर्वाधार र शर्त (उमाशिप २०६५ख : ५०–५१) कडाइका साथ लागू हुने हो भने गाउँका थोरै विद्यालयले मात्र सम्बन्धन पाउँछन् । गाउँको तुलनामा शहरमा स्थिति केही भिन्न भए पनि धेरै भिन्न छैन ।

### *भौतिक पूर्वाधार*

महेन्द्रोदय र शान्ति दुवैले उमावि सञ्चालनका लागि भनेर नयाँ भवन बनाएका छैनन्, माध्यमिक तहसम्म पढाइ भइरहेका भवनहरूमै कक्षा सञ्चालन गरिरहेका छन् । उमावि सञ्चालनका लागि कक्षा कोठा नपुग्ने हुनाले महेन्द्रोदयमा कक्षा सञ्चालन बिहान गरिन्छ तर पनि अन्तिम पिरियडका लागि कक्षा कोठा पुग्दैन । सिद्धान्ततः मावि र उमाविका लागि छुट्टाछुट्टै प्रशासनिक कक्ष र प्राचार्य कक्ष नचाहिए पनि ती भिन्नै राखिएका छन् । महेन्द्रोदय उमाविका संयोजकले भने, “प्रअ र प्राचार्यबीच त्यति धेरै समन्वय तथा सरसहयोगको भावना पाइँदैन । आयोजित कार्यक्रम जस्तैः हाजिरी जवाफ, खेलकुद, कविता प्रतियोगिता, आदिमा सहभागिता र समन्वय बिहान र दिउँसोको समय भएर होला कमी नै भइरहेको हुन्छ ।”[२२]

शान्ति उमाविमा दिउँसो कक्षा सञ्चालन हुने भए तापनि ऐच्छिक विषय पढ्नलाई कक्षा कोठा छैन । कक्षा कोठाका झ्यालहरूमा खापा छैनन् । शान्ति उमाविमा पुस्तकालय कक्ष छुट्टै छ तर महेन्द्रोदयमा एउटा दराजमा ५० सेट स्वीकृत पाठ्यपुस्तक मात्र छन् । दुई वर्षअघि महेन्द्रोदयमा प्रतिविद्यार्थी दुइटा पुस्तक एक हप्ताभरि घर लैजाने व्यवस्था थियो । अहिले पुस्तकालय कर्मचारी नहुनाले र विद्यार्थीहरूले लगेका पुस्तकहरू फिर्ता नल्याउनाले यो व्यवस्था छैन । *हिमाल*, *शिक्षक*, *गोरखापत्र,* आदि पत्रिकाको ग्राहक बनेको भए तापनि ती पत्रिका समयमै गाउँमा पुग्दैनन् । पुस्तक घर लान पाउनुपर्ने माग गरे पनि बेवास्ता गरेकाले पढाइमा बाधा पुगेको महेन्द्रोदयका विद्यार्थीले बताए ।

शान्ति उमाविमा विद्यार्थीले एउटा पुस्तक सात दिनसम्म राख्न पाउने व्यवस्था छ । दुवै उमाविका विद्यार्थीले लिंग्विस्टिक्स विषयको पुस्तक बजारमा नपाइने बताए । पुस्तक किन्न दिक्तेल अथवा गाईघाट पुग्नु पर्छ र त्यहाँ पनि खोजेको बेला पाइँदैन । शिक्षक आवास तथा छात्रावासको व्यवस्था दुवैमा छैन । केही विद्यार्थी दुई घण्टा टाढाबाट पढ्न आउँछन् । विद्यार्थी अनुपात (१:४०) अनुसार शौचालय छैन । महेन्द्रोदयका छात्राका अनुसार शौचालयका लागि उनीहरू पाखा र खोल्सातिर जान्छन् । स्वच्छ पिउने पानीको व्यवस्था पर्याप्त छैन । भलिबल खेल्न मैदान छ तर छात्रालाई छुट्टै भलिबल दिने व्यवस्था छैन । विद्यालयकै प्रयोगात्मक कक्षा उमाविका विद्यार्थीले पनि प्रयोग गरिरहेका छन्, यद्यपि आवश्यक उपकरण पर्याप्त छैनन् । टिचिङ साइन्सका एक विद्यार्थीले भने, “उचित उपकरण

[२२] महेन्द्रोदय उमाविका संयोजक श्याम कार्कीसँग असोज १९, २०६७ मा गरिएको कुराकानी ।

र सामग्री नै छैन । सरले वर्ष भरिमा दुई पटक प्रयोगात्मक गराउनुभयो ।"[२३] उमाविमा भौतिक पूर्वाधार निर्माणमा सरकारी योगदान छैन । उमाविका संयोजकका अनुसार, "उमाशिपले शुरूमा पुस्तकालयका लागि २५ हजार सहयोग गऱ्यो । त्यसपछि भौतिक पूर्वाधार विकासमा कुनै सहयोग गरेको छैन ।"[२४]

महेन्द्रोदय उमाविमा बिहान सात बजेबाट कक्षा सञ्चालन हुन्छ । सो उमाविका एक विद्यार्थी भन्छन्, "लगातार पढाइ हुनाले 'बोर' हुन्छ । बिहान ९:४५ देखि माविका विद्यार्थी आई खेल्नाले पढाइमा बाधा पुग्छ । अन्तिम पिरियड २५ मिनेटको हुनाले कोर्स पूरा हुँदैन ।"[२५] शान्ति उमाविमा भने दिउँसो कक्षा सञ्चालन हुन्छ । तर ऐच्छिक विषयको कोर्स कक्षा कोठाको अभावले पूरा हुँदैन । दुवै उमाविमा श्रव्यदृश्य उपकरण तथा कम्प्युटर छैनन् । तिनमा युनिट परीक्षा, मासिक परीक्षा, गृहकार्य दिने चलन छैन । हाजिरीजवाफ प्रतियोगिता, वादविवाद, लोकदोहोरी, नृत्य, मुक्तक, कविता, खेलकुद, जस्ता कार्यक्रम वर्षमा दुई-तीन पटक मात्र गरिन्छ । महेन्द्रोदयका विद्यार्थीले मावि र उमाविको संयुक्त रूपमा आयोजना गरिएको अतिरिक्त क्रियाकलापमा भाग लिएनन् । दुवै उमाविले विद्यार्थीलाई अध्ययन भ्रमणमा लगेका छैनन् ।

### *पठन-पाठन*

स्थापना कालमा महेन्द्रोदय उमाविमा संस्कृति, अर्थशास्त्र, नेपाली र अंग्रेजी ऐच्छिक विषय थिए । शिक्षा समूहका विषय थिए, तर शिक्षण अभ्यास थिएन । विद्यार्थी संख्या बढेकाले २०६१ सालबाट शिक्षा समूह मात्र राखियो । सिद्धान्ततः विषय छान्ने सुविधा भए पनि यी उमाविमा सबै विषय अनिवार्य जस्ता छन् । महेन्द्रोदयमा ऐच्छिक विषय लिंग्विस्टिक्स र नेपाली मात्र छ । यसैले विद्यार्थीले या लिंग्विस्टिक्स या नेपाली पढ्नुपर्छ । समूह "ग" का तीन विषयमध्ये दुइटा छान्ने सुविधा यी उमाविमा छैन । शान्ति उमाविमा महेन्द्रोदयको भन्दा दुइटा ऐच्छिक विषय बढी छन्—गणित र अर्थशास्त्र । के विषय "अफर" गर्ने भन्ने आधारबारे पूर्वअध्यक्षले भने, "गाउँमै अंग्रेजी शिक्षक तयार गर्न अंग्रेजी विषय राखियो । शिक्षकको उपलब्धताले संस्कृति विषय राखियो ।"[२६] विषय चयनको औचित्य प्रस्टयाउँदै विद्यालय व्यवस्थापन समिति (विव्यस) का सदस्य भन्छन् :

[२३] विद्यार्थी विनोद तामाङसँग असोज २४, २०६७ मा गरिएको कुराकानी ।
[२४] महेन्द्रोदयका संयोजक कार्कीसँग असोज १९, २०६७ मा गरिएको कुराकानी ।
[२५] विद्यार्थी दीपेन्द्र भुजेलसँग असोज २०, २०६७ मा गरिएको कुराकानी ।
[२६] पूर्वअध्यक्ष रोकासँग कात्तिक ५, २०६७ मा गरिएको कुराकानी ।

> विद्यार्थीको शिक्षा विषयप्रति झुकाव बढी भयो । गाउँमा शिक्षक जागिर पाउने देखी शिक्षा समूह मात्र राखिएको छ । अंग्रेजी शिक्षक गाउँमा पाइदैन । अंग्रेजी विषयको शिक्षक तयार पार्न यो विषय राखेको हो । अंग्रेजी पढ्न नसक्नेका लागि छान्न सुविधा होस् भनी नेपाली राखिएको हो । योभन्दा भिन्न विषय पढ्ने क्षमताका विद्यार्थी काठमाडौंतिर जान्छन् ।[२७]

आफूले रोजेको विषय पढ्ने विद्यार्थीको चाहनालाई उमाविले पूरा गर्न सकेको छैनन् । उमाविका विद्यार्थी योगेश राई भन्छन्, "लिंग्विस्टिक्सको साटो ऐच्छिक अंग्रेजी राख्नुपर्थ्यो । यसले भन्दा अंग्रेजीले शिक्षक बनाउने हो ।"[२८] आर्थिक स्रोत, शिक्षक, कक्षा कोठा र विद्यार्थीको अभावले गर्दा गाउँका उमाविमा विषयको विविधता पाइँदैन । शान्ति उमाविका विव्यस सदस्यका अनुसार, "कक्षा कोठा र शिक्षकको तलब जुटाउन नसकेर धेरै विषय नराखेको हो । विद्यार्थीको अभावले पनि धेरै विषय राख्न सकिँदैन ।"[२९] महेन्द्रोदय उमाविमा १५ प्रतिशत विद्यार्थीले मात्र लिंग्विस्टिक्स पढ्छन् । पढाउन भनेर राखिएको विषय पनि विद्यार्थीको अभावले हटाउनुपर्छ । शान्ति उमाविका प्रअले भने, "गणित विषय पढ्ने दुई जना छन् । यस्तै हो भने अर्को वर्षदेखि गणित विषय हट्छ ।"[३०]

## *शिक्षक*

गाउँका उमाविहरूमा योग्य शिक्षकहरू पाउन कठिन छ । महेन्द्रोदय उमाविका पूर्वअध्यक्षले शिक्षक खोज्दाको अनुभव सुनाए, "स्वीकृति पाएपछि ठूलो समस्या अंग्रेजी शिक्षकको भयो । शिक्षक खोज्न काठमाडौँ गएका सरहरू त्यतिकै फर्के । आफै काठमाडौँ गई साथीभाइसँग सोधखोज गरी स्याङ्जाका एक जना शिक्षक ल्याएँ ।"[३१] शान्ति उमाविलाई पनि शिक्षक पाउन गाह्रो भएको थियो । सो उमाविका प्रअका अनुसार, "गणित र अंग्रेजी विषयको शिक्षक पाउन कठिन छ । दुर्गम भएकाले आउन मान्दैनन् । गाईघाट र कीर्तिपुरमा पढ्ने आफ्नो मान्छेसँग सम्पर्क गरी शिक्षक खोजिन्छ ।"[३२]

दुवै उमाविमा शिक्षक र कर्मचारीको नियुक्ति विद्यालय व्यवस्थापन समितिले गर्छ । महेन्द्रोदयका विव्यसका सदस्यले भने, "एमए गरेकाहरू गाउँमा छैनन्, त्यसैले शिक्षक खोजेर समितिले नियुक्ति दिन्छ । तर कर्मचारी भने योग्यता पुगेका व्यक्तिहरूबाट छनोट

[२७] विव्यस सदस्य कवीन्द्र राईसँग असोज १८, २०६७ मा गरिएको कुराकानी ।
[२८] विद्यार्थी राईसँग असोज १८, २०६७ मा गरिएको कुराकानी ।
[२९] सदस्य अजम्बर राईसँग असोज २४, २०६७ मा गरिएको कुराकानी ।
[३०] प्रअ राईसँग असोज २३, २०६७ मा गरिएको कुराकानी ।
[३१] पूर्वअध्यक्ष रोकासँग कात्तिक ५, २०६७ मा गरिएको कुराकानी ।
[३२] प्रअ राईसँग असोज २३, २०६७ मा गरिएको कुराकानी ।

गरिन्छ ।"[३३] उमाविमा कम्तीमा पाँच जना शिक्षक हुनुपर्नेमा चार जना मात्र छन् । सरकारबाट दुई जना शिक्षकको तलब अनुदान पाउनाले महेन्द्रोदयमा शान्ति उमाविभन्दा आंशिक र कम योग्यताका शिक्षक थोरै छन् । महेन्द्रोदयमा टिचिङ साइन्स विषयका शिक्षक मात्र कम योग्यताका र आंशिक छन् । अरू सबै स्नातकोत्तर तह उत्तीर्ण र पूर्णकालीन छन् । तृतीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गर्ने एक शिक्षक पनि छन् । शान्ति उमाविमा गणित र विज्ञान विषयका शिक्षक बाहेक अरू सबै स्नातक तह उत्तीर्ण छन् । सबै शिक्षकहरू माविको दरबन्दीमा रही उमाविमा आंशिक रूपमा अध्यापन गर्छन् । महेन्द्रोदयमा पाँच वर्ष अध्यापन अनुभव भएका दुई शिक्षक छन् तर शान्ति उमाविका शिक्षकको दुई वर्षको मात्र अध्यापन अनुभव छ । महेन्द्रोदयका सबै शिक्षकहरू स्थानीय हुन् भने शान्ति उमाविका आधा शिक्षक बाहिरका छन् । यी उमाविमा तालिमप्राप्त शिक्षक छैनन् र बढी कक्षा लिए बापत थप पारिश्रमिक दिइँदैन ।

योग्यता अनुसार उपयुक्त सेवा-सुविधा उपलब्ध गराउन नसक्दा छोटो समय पढाएर शिक्षकले जागिर छोड्ने समस्या यी उमाविमा छ । महेन्द्रोदयका सहायक प्रशासकले बताए, "पोहोर टेम्माको उमाविले मासिक अठार हजार दिने हुँदा यहाँका शिक्षक झण्डै गए । तत्काल तलब बढाएपछि यहीँ बसे ।"[३४] शान्ति उमाविका प्रअले भने, "धेरजसो शिक्षक बाहिरका हुनाले दिगो रूपमा सेवा दिएका छैनन्, छोड्दै हिँड्ने गर्छन् । यसैले गणित र अंग्रेजी शिक्षक दुई वर्षमा तीन जना जति फेर्‍यौँ ।"[३५] जागिरको अनिश्चतता, कम तलब, बढी शिक्षणभार, आदि गाउँका उमाविका शिक्षकका समस्या हुन् । एक शिक्षकको अनुभव यस्तो छ :

> शिक्षक त गोठालो जस्तै हो, मालिकको खुसी परिन्जेल राख्यो नत्र हटायो । माविमा सरकारी शिक्षक छन्, यता भने सरकारको एक जना पनि शिक्षक छैन । किन काखापाखा ? शिक्षकलाई स्थायी गर्दै लगे मात्र उमाविको प्रभावकारिता बढ्छ । माविका सरहरूको तालिम, बढुवा, सञ्चयकोष तथा पेन्सन सम्झँदा दिक्दार लाग्छ । शुरूमा थोरै तलवमा पनि काम गरेँ, अहिले ठीकै छ । दिनमा चार-पाँच पिरियड पढाउँछु, बढी कक्षाभारको पैसा छैन । शहरमा जस्तो बौद्धिक विकास गर्ने अवसर छैन । सन्दर्भ पुस्तक र पत्रपत्रिकाको अभाव छ ।[३६]

[३३] विव्यस सदस्य कवीन्द्र राईसँग असोज १८, २०६७ मा गरिएको कुराकानी ।
[३४] सहायक प्रशासक विष्णु कटवालसँग असोज २०, २०६७ मा गरिएको कुराकानी ।
[३५] प्रअ राईसँग असोज २३, २०६७ मा गरिएको कुराकानी ।
[३६] महेन्द्रोदयका शिक्षक सुवास पराजुलीसँग असोज १९, २०६७ मा गरिएको कुराकानी ।

दुवै उमाविका शिक्षक अस्थायी छन् र हालसम्म उमाशिपको स्थायी शिक्षक नभएकाले शिक्षकको जागिर र भविष्य अन्योलमै छ । सेवा-सुविधाको कमीले शिक्षकमा नैराश्य छाएको छ। वृत्तिविकासको अवसर गाउँका शिक्षकलाई कम छ। गाउँका शिक्षकले सन्दर्भ पुस्तक तथा पत्रपत्रिका समेत पढ्ने अवसर पाउँदैनन् ।

### *प्रशासनिक पक्ष*

प्राय: गाउँमा विद्यालय र उमाविको शैक्षिक संरचना एउटै हुन्छ । एकै ठाउँमा उस्तै काम गर्ने भएकाले मावि र उमाविको व्यवस्थापन समिति भिन्न हुनुहुँदैन भन्ने तर्क व्यवस्थापन समितिका केही सदस्यको छ । तर दुवै उमाविमा मावि र उमाविका छुट्टाछुट्टै प्रशासनिक कार्यालय राखिएको छ । विद्यालयमा कार्यरत शिक्षकहरूको उमावि अध्यापनका लागि योग्यता नपुग्ने भएकाले उमावि सञ्चालनका लागि नयाँ शिक्षक खोज्नु पर्छ। यसले गर्दा उमावि र माविका शिक्षक छुट्टाछुट्टै हुनुपर्ने बाध्यता दुवै उमाविमा छ। माविको दरबन्दीमा नियुक्त शिक्षक स्नातकोत्तर तह उत्तीर्ण हुँदा भने शिक्षकको समस्या हुँदैन। सम्बन्धनको स्वीकृती दिने बेलामा उमाशिपले निरीक्षण टोली पठाए पनि त्यसपछि उमाविमा अनुगमन र निरीक्षण गरेको देखिँदैन। उमाशिप र उमावि बीचको कार्यगत सम्बन्धमा पनि समस्या छ। रजिष्ट्रेशन नम्बर छुट्ने, नाम गल्ती हुने, फाराम पुऱ्याउन र ल्याउन समय लाग्ने, शैक्षिक क्यालेन्डर नहुने, रिजल्ट ढिलो थाहा हुने जस्ता समस्या गाउँका उमाविले भोगिरहेका छन्। यसलाई तलको उद्धरणले थप प्रस्ट पार्छ :

> गत साल केहीको रजिष्ट्रेशन नम्बर उमाशिपले पठाएन। परीक्षा फाराम भर्नलाई तुरुन्त विराटनगर गई ल्याइयो। कसैको नाम नै गल्ती पठाउँछ। यो वर्षको शैक्षिक क्यालेन्डर छैन। प्रत्येक छ महिनामा शिक्षक तथा विद्यार्थीको विवरण भर्नुपर्नेमा कुनै निर्देशन छैन। छात्रवृत्तिको फाराममा अस्पष्टता छ। चिठी, परिपत्र आइपुग्न महिना दिन लाग्छ। दुर्गम र सुगमलाई एकै हिसाबले दिन तोकिनाले गाउँका उमाविलाई समस्या छ।[३७]

शान्ति उमाविका प्रअले पनि रजिष्ट्रेशन छुट्ने, फर्म बेलैमा नपठाउने, परिपत्र ढिलो आइपुग्ने, आदिजस्ता प्रशासनिक समस्या भोगिरहेको र त्यसले समय र पैसा दुवै खर्च भइरहेको बताए :

> रजिष्ट्रेशन र परीक्षा फाराम आफैले विराटनगर पुऱ्याउनुपर्छ। जान-आउन एक हप्ता जति लाग्छ र पैसा पनि खर्च हुन्छ। मार्कशीट आइपुग्न महिना दिन लाग्नाले मौका परीक्षाको

[३७] महेन्द्रोदयका सहायक प्रशासक कटवालसँग असोज २०, २०६७ मा गरिएको कुराकानी।

फाराम भर्न समस्या पर्छ । जिल्ला शिक्षा कार्यालयमै फाराम बुझाउने व्यवस्था भए गाउँका उमाविलाई सजिलो हुन्छ ।[३८]

२०६७ सालमा महेन्द्रोदय उमाविले परीक्षा केन्द्र स्वीकृति पायो । यसअघि यहाँका विद्यार्थी छ घण्टा टाढाको केन्द्रमा परीक्षा दिन जान्थे । घरबाट नजिकै परीक्षा दिँदा सजिलो भएको विद्यार्थीहरूले बताए । तर परीक्षामा उत्तर पुस्तिका र प्रश्नपत्रको अभाव उमाविहरूले भोग्नु परेको छ । महेन्द्रोदय उमाविका प्रशासकले भने :

अंग्रेजी विषयको ६५ जना विद्यार्थीलाई प्रश्नपत्र जम्मा २० ओटा मात्र पठाएको थियो । परीक्षार्थी हलमा बसे तर प्रश्नपत्र छैन । विराटनगर फोन गर्दा ए हो र, फोटोकपी गर्नु भन्यो । गाउँमा फोटोकपी हुन्छ भन्ने शहरी दिमागले झन् दुःख दियो । जिल्ला शिक्षा कार्यालयमा फोन गर्दा दुई घण्टा ढिलो भए पनि परीक्षा चलाउनू भन्छ । उत्तरकापी थोरै पठाएर पनि समस्या भयो । उमावि दुर्गममा छ भनी नसोचेकाले यस्तो भएको हो ।[३९]

त्यस्तै, शान्ति उमाविका प्रअले भने, "मौका परीक्षाको केन्द्र थाहा नपाउने समस्या गाउँका उमावि र विद्यार्थीको अर्को समस्या हो । यसलाई उमाशिपले मनन गरी मौका परीक्षाको फर्म भरिसके लगत्तै केन्द्र तोकेमा गाउँका विद्यार्थीले बेलैमा सूचना पाउँथे र परीक्षा छुट्दैनथ्यो ।"[४०] महेन्द्रोदयका प्रशासक विष्णु कटवालको पनि उस्तै धारणा थियो :

मौका परीक्षाको केन्द्र परीक्षा हुनुभन्दा एक हप्ताअघि तोक्छ । पत्रिका आउन महिना दिन लाग्छ । फोन हत्तपत्त लाग्दैन । फोन लागे पनि सम्बन्धित कर्मचारीले उठाउँदैन र एकछिन पर्खनुहोस् भन्छ, यसो गर्दागर्दै कतिले परीक्षा नै छुटाएका छन् । परीक्षा केन्द्र कटारी वा गाईघाट तोकिन्छ । त्यहाँ पुग्न नै तीन दिन लाग्छ ।[४१]

## *आर्थिक पक्ष*

महेन्द्रोदय उमाविको प्रमुख आर्थिक स्रोत विद्यार्थीबाट उठाइने शुल्क, गाविसले दिने रकम र सरकारले दिने अनुदान हो । सो उमाविका प्रअका अनुसार, "गाविसको बजेटबाट प्रत्येक वर्ष रकम नछुट्टिने हो भने उमावि चल्दैन । सरकारबाट एक शिक्षक बराबरको तलब अनुदान २०५९ सालमा आयो भने २०६३ सालमा एक जना शिक्षक बराबरको तलब अनुदान

[३८] प्रअ राईसँग असोज २३, २०६७ मा गरिएको कुराकानी ।
[३९] सहायक प्रशासक कटवालसँग असोज २०, २०६७ मा गरिएको कुराकानी ।
[४०] प्रअ राईसँग असोज २३, २०६७ मा गरिएको कुराकानी ।
[४१] कटुवालसँग असोज २०, २०६७ मा गरिएको कुराकानी ।

थप भयो ।"[४२] शान्ति उमाविको आयस्रोत महेन्द्रोदयको भन्दा कमजोर छ : विद्यार्थीबाट उठाइने शुल्क र गाविसबाट छुट्ट्याइने रकम । यी दुवै उमाविमा विद्यालय व्यवस्थापन समितिले शुल्क निर्धारण गर्छन् ।[४३] महेन्द्रोदयको भन्दा शान्ति उमाविको शुल्क बढी छ । गाउँका उमाविको शुल्क शहरको तुलनामा ज्यादै सस्तो छ । तर विद्यार्थीको शुल्कले मात्र शिक्षकको तलबखर्च पनि धान्दैन । उमाविका संयोजकले भने, "उमाविको मुख्य समस्या नै आर्थिक हो । यसै कारण विज्ञान र गणितका योग्यताप्राप्त शिक्षक राख्न सकेको छैन । पुस्तकालय र लेखा कर्मचारी आर्थिक कारणले राख्न सकेको छैन । प्रयोगशाला, पुस्तकालय भवन, फर्निचर, पुस्तक, आदि सबै आर्थिक अभावले रोकिएको छ । प्रशासनिक खर्च पनि आफैले बेहोर्नुपर्छ ।"[४४]

अभिभावक एकराज राई पनि गाउँको उमाविको शुल्क सस्तो छ भन्छन् :

> यहाँ सित्तैमा पढेजस्तो छ । गरीबगुरुवाले पनि शुल्क तिर्न सक्छन् । भर्ना र परीक्षा शुल्कमै गाभेर महिनावारी शुल्क छैन भने पनि शहरभन्दा धैरै सस्तो छ । दिक्तेलमै पनि महिनामा तीन सय तिर्नुपर्छ । गाईघाटमा महिनाको हजार घटी छैन । काठमाडौँ पढ्दा लाग्ने बाटोखर्चले यहाँ वर्ष दिनकै शुल्क तिर्न पुग्छ ।[४५]

दुवै उमाविहरूलाई गाविसले आर्थिक सहयोग गर्ने भएकाले गाविसका अध्यक्षप्रति शिक्षक "लोयल" बन्ने देखिन्छ । यसले राजनीतिक नेतृत्वको वा गाविसको प्रभाव उमाविमा पर्न गएको छ । उमाविका एक शिक्षकले भने, "गाविसबाट सीधै शिक्षकको तलब दिने प्रचलन २०५८ सालसम्म चल्यो । त्यतिखेर विव्यस र गाविस अध्यक्ष एकै व्यक्ति थिए । यसैले गाविसले दिएको रकम परिणाम प्रस्ट छैन । शिक्षकको तलब गाविसले दिँदा उमाविको प्रशासन गाविसले चलाए जस्तो हुन्थ्यो । शिक्षक पनि गाविसप्रति उत्तरदायी हुनुपर्थ्यो । अहिले यो विद्यालयकै कोषमा जम्मा हुन्छ ।"[४६]

[४२] प्रअ रामविष्णु राईसँग असोज २१, २०६७ मा गरिएको कुराकानी ।

[४३] महेन्द्रोदयमा कक्षा ११ को शुल्क पहिलो किस्ता रु. १,५०० र दोस्रो रु. १,००० छ । जम्मा रु. २,५०० मा कक्षा ११ को पढाइ पूरा हुन्छ । कक्षा १२ मा पहिलो किस्ता रु. १,००० र दोस्रो रु. ६०० छ । शान्ति उमाविमा कक्षा ११ मा वर्षमा तीन किस्तामा शुल्क तिर्नुपर्छ । पहिलो किस्ता रु. १,३०० दोस्रो रु. १,००० र तेस्रो रु. १,५०० छ । कक्षा १२ मा पहिलो किस्ता रु. १,००० र दोस्रो रु. १,५०० छ ।

[४४] महेन्द्रोदयका संयोजक श्याम कार्कीसँग असोज १९, २०६७ मा गरिएको कुराकानी ।

[४५] राईसँग असोज २२, २०६७ मा गरिएको कुराकानी ।

[४६] महेन्द्रोदयका एक शिक्षकसँग असोज २१, २०६७ मा गरिएको कुराकानी ।

## *विद्यार्थी*

उमाविहरूमा विद्यार्थी भर्ना गर्ने समय र एसएलसीको पूरक परीक्षाको नतिजा प्रकाशन गर्ने समयबीच तालमेल मिलेको छैन । एसएलसी पूरक परीक्षाको परिणाम र उमाविको भर्ना समयबीच करिब दुई महिनाको फरक छ । पूरक परीक्षाको परिणाम ढिलो हुने र लब्धांकपत्र पनि ढिलो आउनाले भर्नाको समय सकिन्छ । अझ, ग्रामीण क्षेत्रमा त लब्धांकपत्रै ढिलो पुग्छ, जसले गर्दा विद्यार्थी भर्नाका लागि थप समस्या हुन्छ । जसोतसो विद्यार्थी भर्ना भए तापनि साउन र भदौको कक्षा छुट्छ । यसले गर्दा उमाविको शैक्षिक सत्र पूरै एक वर्षको हुँदैन । शान्ति उमाविका प्रअ भन्छन्, “हामीले असोज २६ गतेसम्म भर्ना समय थपेका छौँ तर अहिले [असोज २३, २०६७] सम्म मार्कशिट आएको छैन । पछि आउनेहरूको त छ महिने शैक्षिक सत्र हुन्छ । यसैले शैक्षिक सत्र नै मिलाउनुपर्ने देखिन्छ ।”[४७]

महेन्द्रोदय उमाविले आफ्नै स्कूलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीको भर्नाबारे कुनै ठोस नीति बनाएको छैन । तर, शान्ति उमाविले भने आफूकहाँबाट प्रवेशिका परीक्षा उत्तीर्ण गर्नेले सोही उमाविमा भर्ना हुन अनिवार्य गरेको छ । उमाविमा भर्ना भैसकेपछि मात्र विद्यार्थीले एसएलसी उत्तीर्ण गरेको प्रमाणपत्र दिने नीति त्यहाँको अभिभावक भेलाले बनाएको छ । विव्यस सदस्य अजम्बर राईका अनुसार कक्षा ११ मा विद्यार्थी कम भर्ना होलान् भनेर अनिवार्य भर्ना गर्ने सर्वसम्मत रूपमा निर्णय गरिएको हो ।[४८] यस्तो नीतिले “शहरमा पढ्न खोज्नेलाई अन्याय भएन ?” भन्ने प्रश्नको जवाफमा त्यहाँका प्रअले भने, “सक्नेको छोराछोरी त बाहिर पढ्न जाने हो, नसक्नेको छोराछोरी पढ्न जाँदैनन् नै । बाहिर पढ्न जानेले एकमुस्ट रु. ३,५०० तिरे हुन्छ । हुनेले पैसा तिरोस् भनेर बनाएको हो ।”[४९] शान्ति उमावि विव्यसका एक सदस्यले भने, “उमाविलाई टिकाउन अभिभावक भेलामा अनिवार्य भर्नाको निर्णय गर्‍यौँ । मैरै छोरालाई साइन्स पढ्न काठमाडौँ पठाउँदा भर्ना गरी सर्टिफिकेट निकालेँ । साइन्स, कमर्स पढ्नेहरू मात्र अहिले शहर जान्छन् ।”[५०]

गाउँका उमाविमा विद्यार्थीको संख्या केलाउँदा यो एकनास देखिँदैन । महेन्द्रोदयको कुरा गर्दा स्थापना कालमा विद्यार्थी संख्या ठीकै थियो । सरकार-माओवादी द्वन्द्व कालमा विद्यार्थी संख्या घटेको पाइन्छ । पहिले एसएलसी उत्तीर्ण गर्नेहरू कम हुनाले पनि थोरै विद्यार्थी भर्ना हुन्थे । तर शान्तिप्रक्रिया, उमाविको उत्तीर्ण दरले गर्दा २०६५ सालयता भर्ना संख्या बढेको छ । महेन्द्रोदयका प्रअ भन्छन् : “२०६० सालमा कोही भर्ना भएन, अमृत राईलाई खोजेर ल्याई निःशुल्क भर्ना गर्‍यौँ । विद्यार्थी नभए पनि उमाशिपलाई बुझाउनुपर्ने

[४७] प्रअ राईसँग असोज २३, २०६७ मा गरिएको कुराकानी ।

[४८] राईसँग असोज २४, २०६७ मा गरिएको कुराकानी ।

[४९] प्रअ राईसँग असोज २३, २०६७ मा गरिएको कुराकानी ।

[५०] विव्यस सदस्य अजम्बर राईसँग असोज २४, २०६७ मा गरिएको कुराकानी ।

राजस्व त्यतिकै बुझायौँ । यो बेला उमावि संकटमा परेको थियो । शिक्षकहरूले जागिर छोडे । कक्षा पनि सञ्चालन भएन । २०६५ सालयता विद्यार्थी भर्ना निकै बढेको छ ।"[५१]

तालिका १० ले महेन्द्रोदय उमाविको कक्षा ११ को विद्यार्थी भर्ना विवरण देखाउँछ । तालिका अनुसार महेन्द्रोदयमा छात्राको भर्ना छात्रको भन्दा बढी देखिन्छ । २०६१ र २०६२ सालमा छात्रा र छात्रको भर्ना बराबर भए पनि २०६३ सालदेखि छात्राको भर्ना संख्या बढी छ । विद्यार्थीहरूमध्ये क्षत्रीको बाहुल्य छ, जसमा छात्राको संख्या छात्रको भन्दा धेरै छ । जनजातिहरूमध्ये राईहरूको भर्ना उत्साहजनक छ, र राईमा पनि छात्राको संख्या धेरै छ । दलित छात्राहरूको भर्ना दर पनि छात्रको भन्दा राम्रो छ । शान्ति उमाविमा पनि छात्राहरूको भर्ना संख्या धेरै छ । ग्रामीण क्षेत्रमा उमावि तहमा छात्राको संख्या धेरै हुनुमा प्रमुख दुई कारण छन् : पहिलो, उमावि पढ्ने उमेरका छात्रहरू वैदेशिक रोजगारमा जानु हो । दोस्रो, बाबुआमाले आफ्ना छोरालाई शहरमा पढ्न पठाउनु हो । महेन्द्रोदय उमाविका संयोजकले छात्रा भर्ना संख्या वृद्धिको कारणबारे भने, "केटाहरू पढ्न र जागिर खान बाहिर वा शहर जानु, छोरीलाई पढाउनुपर्छ भन्ने मान्यता विकसित हुनु, छोरीलाई बाहिर पठाउने संस्कार नहुनु र गाउँमै उमावि हुनुले छात्रा भर्ना संख्या बढेको हो ।"[५२]

महेन्द्रोदय उमाविमा शुरूका वर्षहरूमा नियमित एसएलसी उत्तीर्ण गर्नेमध्ये थोरैले यहाँ पढ्थे भने पछिल्ला वर्षमा ५० प्रतिशत जति यहीँ पढ्छन् । तालिका १० ले विद्यालय शिक्षा यहीँ पढेका र स्रोतकेन्द्रका अन्य विद्यालयबाट पढ्न आउनेको संख्या देखाउँछ ।

स्रोत विद्यालयहरूबाट महेन्द्रोदय उमाविमा बहुसंख्यक विद्यार्थीहरू भर्ना हुन आएको तालिका ११ ले देखाउँछ । महेन्द्रोदयका कुल विद्यार्थीमध्ये ६१ प्रतिशत छेउछाउका विद्यालयबाट प्रवेशिका उत्तीर्ण गरेका विद्यार्थी छन् । २०६१ सालमा यो विद्यालयबाट नियमित एसएलसी उत्तीर्ण गरेकामध्ये करिब ८ प्रतिशत मात्र सोही उमाविमा भर्ना भए । २०६३ सालदेखि नियमित एसएलसी उत्तीर्ण गर्नेको भर्ना संख्या बढ्दै गयो । २०६५ सालमा यहाँबाट नियमित एसएलसी उत्तीर्ण गर्नेमध्ये ६१ प्रतिशत उमाविमा भर्ना भए । घरव्यवहार गर्ने र प्रावि शिक्षक पनि यो उमाविमा भर्ना भएका छन् । शान्ति उमाविमा पनि सोही विद्यालयबाट एसएलसी गर्ने विद्यार्थीहरूको संख्या बहुल (करिब ७० प्रतिशत) छ ।

[५१] प्रअ रामविष्णु राईसँग असोज २१, २०६७ मा गरिएको कुराकानी ।

[५२] संयोजक कार्कीसँग असोज १९, २०६७ मा गरिएको कुराकानी ।

**तालिका १० : महेन्द्रोदय उमाविमा कक्षा ११ का विद्यार्थीको भर्ना विवरण**

| जातजाति | २०६१ | | | २०६२ | | | २०६३ | | | २०६४ | | | २०६५ | | | २०६६ | | | २०६७ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ब्राह्मण | - | २ | २ | २ | ३ | ५ | ३ | ३ | ६ | ४ | २ | ६ | ३ | २२ | २५ | १३ | १४ | २७ | ६ | ११ | १७ |
| क्षत्री | ४ | २ | ६ | २ | ४ | ६ | २ | १२ | १४ | ६ | २७ | ३३ | ३२ | ५१ | ८३ | ४१ | ७९ | १२० | ३२ | ४३ | ७५ |
| राई | १ | १ | २ | ५ | ३ | ८ | ४ | २ | ६ | १० | १६ | २६ | २१ | ४५ | ६६ | २६ | ४९ | ७५ | १८ | २६ | ४४ |
| नेवार | - | १ | १ | - | - | - | २ | १ | ३ | - | २ | २ | २ | ३ | ५ | २ | ४ | ६ | ३ | ६ | ९ |
| तामाङ | १ | - | १ | - | - | - | - | १ | १ | १ | १ | २ | २ | ४ | ६ | १ | १ | २ | - | १ | १ |
| मगर | १ | - | १ | - | - | - | - | - | - | १ | ३ | ४ | १२ | ७ | १९ | ३ | १० | १३ | १ | - | १ |
| भुजेल | - | - | - | - | - | - | - | १ | १ | - | - | - | १ | - | १ | १ | १ | २ | १ | १ | २ |
| दमाई | - | १ | १ | - | - | - | १ | १ | २ | - | - | - | १ | ५ | ६ | - | - | - | १ | २ | ३ |
| कामी | - | - | - | १ | - | १ | - | - | - | - | - | - | - | ३ | ३ | ५ | ६ | ११ | १ | ३ | ४ |
| सार्की | - | - | - | - | - | - | - | - | - | १ | - | १ | २ | १ | ३ | १ | १ | २ | ३ | - | ३ |
| जम्मा | ७ | ७ | १४ | १० | १० | २० | १२ | २१ | ३३ | २३ | ५१ | ७४ | ७६ | १४१ | २१७ | ९३ | १६५ | २५८ | ६६ | ९३ | १५९ |
| प्रतिशत | ५० | ५० | १०० | ५० | ५० | १०० | ३६ | ६४ | १०० | ३१ | ६९ | १०० | ३५ | ६५ | १०० | ३६ | ६४ | १०० | ४२ | ५८ | १०० |

*स्रोत : रजिष्ट्रेशन फाराम र असोज १९, २०६७ साल सम्मको भर्ना रेकर्ड ।*

महेन्द्रोदय उमाविको विद्यार्थीबारे शिक्षक लक्ष्मी पराजुलीले भने, "बूढा शिक्षकहरू यहाँ धेरै भर्ना भएका छन् । विद्यालय क्षेत्र सुधार कार्यक्रमले प्रावि शिक्षकको योग्यता १२ उत्तीर्ण तोकेकाले शिक्षकहरू धमाधम भर्ना भए ।"[५३] बाहिरफेर पढ्न गएका तर पढाइ पूरा नगर्नेहरू पनि महेन्द्रोदयमा भर्ना भएका छन् । शिक्षक पराजुलीका जेठा छोरा यस्तै एक उदाहरण हुन् । आफ्ना छोराबारे पराजुली भन्छन्, "काठमाडौँ पढ्न पठाएँ । कति विषय लाग्यो, थाहा भएन । उसको रेखदेख नै भएन, पढ्यो कि पढेन । आखिरमा घर ल्याएर यही उमाविबाट पास गऱ्यो ।"[५४]

**तालिका ११ : महेन्द्रोदय उमाविको विद्यार्थीको स्रोत**

| वर्ष | नियमित एसएलसी उत्तीर्ण | नियमित उत्तीर्ण गर्नेको भर्ना | यही विद्यालयबाट अगाडि उत्तीर्ण गर्ने | अन्य विद्यालयबाट आएका | जम्मा भर्ना संख्या |
|---|---|---|---|---|---|
| २०६१ | ७७ | ६(७.७९%) | ४ | ४ | १४ |
| २०६२ | ६९ | २(२.८९%) | ५ | १३ | २० |
| २०६३ | ६४ | १३ (२०.३१) | १ | १९ | ३३ |
| २०६४ | ६८ | २५(३६.७६%) | १२ | ३७ | ७४ |
| २०६५ | १०५ | ६४(६०.९५%) | १३ | १४० | २१७ |
| २०६६ | ९७ | ५३(५४.६३%) | ४३ | १६२ | २५८ |
| **जम्मा** | **४८०** | **१६३ (३३.९५%)** | **७८ (१२.६६ %)** | **३७५ (६०.८८%)** | **६१६** |

*स्रोत : स्थलगत अध्ययन २०६७ ।*

"जागिरे, लाहुरे, विदेश गएकाहरूका छोराछोरी शहर जान्छन् बाँकी अरूलाई पढ्ने अवसर दिएको छ । जनजाति, महिला, दलित र गरीबका छोराछोरीले यहाँ पढ्न पाएका छन् तर अति गरीबको भने पहुँच छैन," भन्छन् महेन्द्रोदय उमाविका संयोजक ।[५५] प्रअ श्याम कार्कीले थपे, "मध्यम वर्गका अभिभावकलाई सुविधा छ । शिक्षा विषय पढाउन छोराछोरीलाई साहू काढी बाहिर पठाउनुपर्थ्यो । अब यो समस्या भोग्नु पर्दैन । बुहारी, दलित र जनजातिलाई पढ्न सुविधा भएको छ ।" एकराज राईले भने, "जनजातिमा पढ्नुपर्छ भन्ने संस्कारको कमीले शहरमा पैसा खर्च गरी छोराछोरी पढाउँदैनन् । यस्तो परिस्थितिमा जनजाति समूहलाई गाउँमै पढ्ने मौका मिलेको छ यसैले यहाँ जनजाति विद्यार्थी धेरै नै छन् ।"[५६]

[५३] पराजुलीसँग असोज १९, २०६७ मा गरिएको कुराकानी ।
[५४] पराजुलीसँग असोज १९, २०६७ मा गरिएको कुराकानी ।
[५५] संयोजक कार्कीसँग असोज १९, २०६७ मा गरिएको कुराकानी ।
[५६] राईसँग असोज २२, २०६७ मा गरिएको कुराकानी ।

यी उमाविमा विद्यार्थीहरू नियमित आउँदैनन् । महेन्द्रोदय उमाविमा छात्रहरूको भन्दा छात्राहरूको उपस्थिति नियमित छ । तर विवाहित छात्राहरू भने कक्षामा कम उपस्थित हुन्छन् । शान्ति उमाविमा विद्यार्थीको दैनिक हाजिर गरिन्छ । र, त्यहाँ करिब ६० प्रतिशत विद्यार्थी मात्र नियमित छन् । यद्यपि कक्षाको शुरूमै हाजिर गरिने हुँदा कक्षा छाडेर हिँड्ने र ढिलो आउनेहरूबारे थाहा हुँदैन ।

गाउँमै उमावि खुल्दा छात्राहरूको उमाशिसम्म पहुँच बढेको छ । विवाहित छात्राहरूले पनि पढ्न पाएका छन् । यी उमावि नहुँदा हुन् त सम्भवत: यी "बुहारी" विद्यार्थीहरूले थप अध्ययन गर्न पाउँदैनथे । एक "बुहारी" विद्यार्थीले भनिन् :

> यो उमावि नभएको भए पढ्नु त सपना हुन्थ्यो । मेरो मात्र नभई सबै गाउँले छोरी चेलीहरूको अझ बुहारीहरूको । घरको सिठो-पिठो खाएर योग्यता बढाउन पाएको छ । बुहारी भएर बाहिर पढ्न केको जान पाउनु र । म पढेकाले अरू महिलालाई पनि प्रेरणा मिलेजस्तो छ । तर पढ्न पाए पनि कामको बोझ भने बढेको छ । रातको आठ बजेपछि मात्र पढ्ने समय हुन्छ । कक्षा लिन भने आउन पाइँदैन तर भान्जीको नोट सार्छु । भान्जीले नै पढूँ पढूँ भनी भर्ना भए पनि भित्रदेखि नै पढ्ने मन थियो । बुहारीहरूले पढेर जागिर पाउने हो भने सासूससुराले छोरीबुहारीलाई पढाउँथे जस्तो लाग्छ । त्यसैले बुहारीलाई जागिर दिनुपर्छ । पढेर जागिर खानुभन्दा पनि ज्ञानगुनका केही कुरा पक्कै जानिँदो रहेछ । पढेर नै आफ्नो खुट्टामा उभिन सकिन्छ जस्तो लाग्छ ।[५७]

उमाविले गाउँका बुहारीलाई पढ्ने अवसर दिए पनि यी बुहारीले नियमित कक्षा लिन भने पाएका छैनन् । कामको बोझले उनीहरूले पढाइमा थोरै मात्र समय दिन पाएका छन् । अर्की बुहारी विद्यार्थी भन्छिन्, "पढेर केही ज्ञान हुन्छ । मलाई सुसुराले नै पढ्नू भन्नुभयो । घरधन्दा मेलापात गर्दै भए पनि मैले पढ्न पाउनु त सौभाग्य हो ।"[५८]

## निष्कर्ष

उच्चमाध्यमिक शिक्षाको मूल उद्देश्य ग्रामीण र शहरी क्षेत्र बीचको शैक्षिक असमानतालाई कम गर्ने भए तापनि यसको विकास र विस्तारसँगै गाउँ र शहरबीच असमानता जन्मिएका छन् । उमाशिले गाउँ र शहर बीचको भौगोलिक बाधालाई कम गराए पनि संस्थागत बाधाहरू जन्माउँदै लगेको छ । सम्बन्धन लिँदाको समस्या, शिक्षक, आर्थिक, प्रशासनिक जस्ता समस्या गाउँका उमाविमा कायमै छन् । संख्यात्मक रूपमा हेर्दा गाउँघरमा उमाविको

[५७] विद्यार्थी मिलनकुमारी कटुवालसँग असोज २१, २०६७ मा गरिएको कुराकानी ।
[५८] विद्यार्थी अञ्जना कार्कीसँग असोज २४, २०६७ मा गरिएको कुराकानी ।

उपस्थिति उत्साहजनक देखिए पनि उमाविका प्रकार, विषयगत विभाजन र पढाइ हुने विषयका संख्यालाई आधार मान्दा गाउँ र शहरबीच असमानता प्रस्ट रूपमा देखिन्छ । विषयगत विद्यार्थी संख्यालाई आधार मान्दा विज्ञान तथा व्यवस्थापन समूहका विषयहरूको विद्यार्थी संख्या शहरमा धेरै देखिन्छ । यसैले उच्च शिक्षाका लागि गाउँबाट शहर धाउने चलनमा कमी आएको छैन । यसर्थ गाउँका विद्यार्थी गाउँमै रोक्ने उमाशिको उद्देश्य पूरा हुन सकेको देखिँदैन ।

गाउँ सामुदायिक र शहर निजी उमाविको केन्द्र बनेको छ । यिनीहरूले छुट्टाछुट्टै मूल्य-मान्यता, आदर्शका आधारमा वर्गको पहिचान दिँदै गएका छन् । शहरका उमाविले भौतिक पूर्वाधार, शैक्षिक र प्रशासनिक कार्यमा उच्च लगानी गरी नाफा कमाउन होडबाजी गरिरहेका छन् । अर्कोतर्फ राज्यको उमाशिमा लगानी नगण्य छ । त्यसैले शहरका निजी उमावि सम्भ्रान्तीय बन्दैछन् र तिनले सोही वर्गको स्वार्थलाई प्रवर्धन गर्छन् । गाउँ र शहरका उमाविमा विषयगत असमानताले ज्ञान, सीप, योग्यताको विशिष्टीकरणका आधार फरक-फरक बनाएको छ, जसले रोजगार पाउने अवसर फरक बनाउँछ । मुख्यत: दलित र महिला तथा कतिपय जनजातिहरू पहुँचको नाममा कम गुणस्तर र बजारमा खपत नहुने शिक्षा पाइरहेका छन् । पुरुष र हुनेखाने वर्गहरू शहरका उमाविमा पढ्न गइरहेका देखिन्छन् । प्राविधिक शिक्षाको आधार रहेको विज्ञान विषयको विस्तार गाउँमा नहुँदा गाउँका उमाविले प्राविधिक जनशक्ति तयार गर्न सक्दैन । गाउँका उमाविले महिलाको शैक्षिक स्थिति परिवर्तन गर्न भूमिका खेल्छ तर बजारमा प्रतिस्पर्धाका आधारमा बिक्ने शिक्षा दिन भने गाह्रो छ । छात्रा गाउँमा र छात्र शहरको उमावि पढ्न जानुले लैंगिक विभेद कायमै रहेको र पुनरुत्पादन भैरहेको देखाउँछ । यी सबै असमानताको शिकार फेरि पनि सामाजिक श्रेणीमा पिँधमा परेकाहरू नै हुन्छन् । ग्रामीण विद्यालयले नेपाली युवाहरूलाई अयोग्य र बेकम्मा बनाउन सेवा दिन्छ र सामाजिक भूमिका निर्वाहमा असफल व्यक्ति बनाउँछ (माइकसेल सन् २००६, माथेमा सन् २००७ मा उद्धृत) भने जस्तै सामुदायिक उमाविले पनि अयोग्य र बेकम्मा जनशक्ति निर्माणमा भूमिका खेल्न सक्छ । उमाशिको संख्यात्मक वृद्धिले मात्र गुणात्मक पक्ष निर्माण हुँदैन र गुणात्मक वृद्धि नभई उच्चमाध्यमिक शिक्षामा समता र गुणस्तर दुवै कायम हुन सक्दैन ।

## धन्यवाद

यस अनुसन्धानका लागि अनुसन्धान वृत्ति दिएकोमा मार्टिन चौतारीप्रति कृतज्ञ छु । अनुसन्धानका क्रममा विभिन्न सहयोग गर्नुहुने सबैमा हार्दिक धन्यवाद प्रकट गर्दछु । अध्ययन अवधिभर अनुसन्धानका लागि मार्गनिर्देश गर्नुहुने प्रत्यूष वन्त र प्रमोद भट्टलाई विशेष धन्यवाद छ । यस लेखको प्रारम्भिक मस्यौदामाथि सुझाव दिनुहुने लोकरञ्जन

पराजुली, याम पुन र सीता भट्टराईप्रति कृतज्ञ छु । साथै यो अनुसन्धान पत्र मार्टिन चौतारीमा प्रस्तुत गर्दा प्रश्न तथा टिप्पणी गर्नुहुने सबैमा धन्यवाद छ । यसमा रहेका कमजोरी मैरै हुन् ।

## सन्दर्भ सामग्री

आयाम, प्रमोद र सुदर्शन घिमिरे । २०६६ । उच्चमाध्यमिक शिक्षा : कता डोऱ्याउने ? *शिक्षक* २(२४) : २२–२८ ।

उमाशिप (उच्चमाध्यमिक शिक्षा परिषद्) । २०५२ । जिल्लागत सम्बन्धन प्राप्त उमाविहरू । *सम्प्रेषण,* चैत, पृ. ३–४ ।

उमाशिप । २०५३ । उच्चमाध्यमिक विद्यालयहरूको सूची । *सम्प्रेषण* २ : ३–८ ।

उमाशिप । २०५५क । सम्बन्धन प्राप्त उमाविहरू । *सम्प्रेषण* ८ : २–४ ।

उमाशिप । २०५५ख । परिषद्का सदस्य-सचिव बालकृष्ण भट्टराईले प्रस्तुत गर्नुभएको प्रतिवेदन । *सम्प्रेषण* ९ : २–७ ।

उमाशिप । २०५५ग । सभासद्हरूको अभिमत । *सम्प्रेषण* ९ : ९–१० ।

उमाशिप । २०५७ । उच्चमाध्यमिक विद्यालयहरूको नक्सांकन कार्य । *सम्प्रेषण* ४(१४) : ११ ।

उमाशिप । २०६० । परीक्षा सुधार सुझाव कार्यदल प्रतिवेदन प्रस्ताव । *सम्प्रेषण* ९(१५) : ५ ।

उमाशिप । २०६१ । आ.व. २०६१–०६२ को वार्षिक कार्यक्रम र यसका सूचकहरू । *सम्प्रेषण* १०(१६) : १९–२४ ।

उमाशिप । २०६२ । आ.व. २०६२–०६३ को वार्षिक कार्यक्रम र यसका सूचकहरू । *सम्प्रेषण* १०(१७) : ७–१४ ।

उमाशिप । २०६४ । उच्चमाध्यमिक शिक्षा : एक झलक । *सम्प्रेषण* ११(१८) : १६–१९ ।

उमाशिप । २०६५क । शुरूदेखि हालसम्म सम्बन्धन प्राप्त उच्चमाध्यमिक विद्यालयहरूको क्षेत्रगत तथा भौगोलिक अवस्थिति । *सम्प्रेषण* १२(२१) : २५–२९ ।

उमाशिप । २०६५ख । उच्चमाध्यमिक विद्यालयको सम्बन्धन लिनका लागि पूरा गर्नुपर्ने पूर्वाधार र सर्तहरू । *सम्प्रेषण* १२(२१) : ५०–५१ ।

उमाशिप । २०६५ग । *पाठ्यक्रम कार्यान्वयन तथा विषय छनोट निर्देशिका २०५५* । भक्तपुर : उमाशिप, पाठ्यक्रम तथा प्रशिक्षण महाशाखा ।

उमाशिप । २०६६ । विकास क्षेत्रअन्तर्गत उच्चमाध्यमिक विद्यालयहरू । *सम्प्रेषण* १२(२२) : ३५ ।

कान्तिपुर । २०६७ । प्रमाणपत्र हटेपछिका चुनौती । साउन ९, पृ. ६ ।

कोइराला, उपेन्द्रकुमार। २०६५। उच्चमाध्यमिक शिक्षा सभा एवं परिषद्का उपाध्यक्ष प्रा. डा. उपेन्द्रकुमार कोइरालाद्वारा १८ औँ उच्चमाध्यमिक शिक्षा सभामा प्रस्तुत नीतिगत प्रस्तावसहित मन्तव्य। *सम्प्रेषण* १२(२१) ः ३–५।

कोइराला, उपेन्द्रकुमार। २०६६। उच्चमाध्यमिक तह शिक्षाका समस्या ः समाधानका उपायहरू। *शिक्षाका चुनौतीहरू*। नैनसिंह महर, सं., पृ. ९३–१००। काठमाडौँ ः नेपाल विद्यार्थी संघ, केन्द्रीय समिति।

कोइराला, नारायणप्रसाद। २०५९। उच्चमाध्यमिक विद्यालयका समस्या पहिचान र समाधानसम्बन्धी क्षेत्रीय गोष्ठीको प्रतिवेदन। उमाशिपद्वारा आयोजित गोष्ठीको प्रतिवेदन, माघ १७–१८, विराटनगर।

खनिया, तीर्थराज। मिति नखुलेको। उच्चमाध्यमिक शिक्षा : नीतिगत समस्या र समाधानका सुझावहरू। अप्रकाशित प्रतिवेदन, उमाशिप।

गजुरेल, छविलाल। २०४६। उच्चमाध्यमिक शिक्षा ः औचित्य र स्वरूप। *प्रस्तावित उच्चमाध्यमिक शिक्षा (१०+२) संरचनासम्बन्धी राष्ट्रिय विचार गोष्ठी*। पृ. २२–२८। काठमाडौँ ः राष्ट्रिय शिक्षा समिति।

डाँडागाउँ गाविस। २०६५। *डाँडागाउँ गाविसको पार्श्वचित्र*। खोटाङ ः डाँडागाउँ गाविसको कार्यालय।

त्रिवि (त्रिभुवन विश्वविद्यालय)। २०६६। प्रमाणपत्र तह हटाउन सहयोगको अपेक्षा। *त्रिभुवन विश्वविद्यालय बुलेटिन* ४२(१)।

पोखरेल, शंकर। २०६६। परिवर्तित सन्दर्भ र राष्ट्रिय शिक्षा नीति। *शिक्षाका चुनौतीहरू*। नैनसिंह महर, सं., पृ. ७९–१००। काठमाडौँ ः नेपाल विद्यार्थी संघ, केन्द्रीय समिति।

पौडेल, युवराज। २०६६। शिक्षकको निम्छरो हालत। *शिक्षक* २(२४) ः ३०–३१।

पौडेल, सुरेन्द्र। २०६७। प्लस टु युग। *नागरिक,* असार २३, पृ. ख।

बराकोटी, देवीप्रसाद। २०६२। उच्चमाध्यमिक विद्यालय सञ्चालनको लागि सम्बन्धन : एक विवेचना। उमाशिपद्वारा आयोजित "उच्चमाध्यमिक शिक्षाका सरोकारहरू र भावी कार्यदिशा" विषयक क्षेत्रीय गोष्ठीमा प्रस्तुत कार्यपत्र, जेठ १५–१७, विराटनगर।

मण्डल, कामेश्वर। २०६२। सार्वजनिक उमाविहरूलाई दिइने अनुदान तथा परीक्षा केन्द्र खर्च सम्बन्धमा देखिएका समस्या र समाधानका उपायहरू। उमाशिपद्वारा आयोजित "उच्चमाध्यमिक शिक्षाका सरोकारहरू र भावी कार्यदिशा" विषयक क्षेत्रीय गोष्ठीमा प्रस्तुत कार्यपत्र, जेठ १५–१७, विराटनगर।

राजधानी। २०६७। त्रिविद्वारा भर्ना नलिन पत्राचार। असार २२, पृ. ५।

राष्ट्रिय शिक्षा समिति। २०४६। *प्रस्तावित उच्चमाध्यमिक शिक्षा (१०+२) संरचनासम्बन्धी राष्ट्रिय विचार गोष्ठी*। काठमाडौँ ः राष्ट्रिय शिक्षा समिति।

विश्वविद्यालय अनुदान आयोग। २०६५। *विश्वविद्यालय अनुदान आयोग वार्षिक प्रतिवेदन २०६४–६५*। काठमाडौँ : विश्वविद्यालय अनुदान आयोग।

शर्मा, गोपीनाथ, संकलक। २०६२। *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू*। काठमाडौँ : मकालु बुक्स।

हुमागाईं, मुकुल र दिनेश वाग्ले। २०६१। प्लस टू जिन्दाबाद : एसएलसीपछि विद्यार्थीहरूले प्रवीणता प्रमाणपत्रको साटो प्लस टू पढ्न जरुरी छ। किन ? *नेपाल* ४(२८) : २८–३५।

हुमागाईं, मुकुल, ऋषिकेश दाहाल, ईश्वरी न्यौपाने र भीम घिमिरे। २०६५। उत्कृष्ट १० प्लस टू : नेपालको छनोटमा परेका १० उत्कृष्ट उच्च मावि। *नेपाल* ८(४५) : २६–३६।

CBS (Central Bureau of Statistics). 2004. *Nepal Living Standards Survey 2003/04*. Vol. 1. Kathmandu: CBS.

Hannum, Emily and Meiyan Wang. 2006. Geography and Educational Inequality in China. *China Economic Review* 17: 253–265.

Haralambos, Michael. 2003. *Sociology: Themes and Perspectives*. New Delhi: Oxford University Press.

Karna, Kamal Prasad Lal, Man Prasad Wagley, Shreeram Prasad Lamichhane, Kedarnath Shrestha and Narayan Prasad Koirala. 2005. *Higher Education Perspective Plan Framework 2006–2020*. Bhaktapur: Higher Secondary Education Board (HSEB).

KC, Shyam. 2009. Socio-Economic Distribution of Geographical Accessibility in Nepal. *Studies in Nepali History and Society* 14(1): 3–34.

Khaniya, Tirth. 2007. *New Horizons in Education in Nepal*. Kathmandu: Kishor Khaniya.

The World Bank. 2007. *Second Higher Education Project*. (No 34916.NEP.). Kathmandu: South Asia Region, Human Development Unit.

## लेखक परिचय

**पुष्पराज राई** समाजशास्त्र/मानवशास्त्र विभाग, पाटन संयुक्त क्याम्पससँग आबद्ध उपप्राध्यापक हुन्। आदिवासी जनजातिबारे उनका केही लेख प्रकाशित छन्। उनले मार्टिन चौतारीबाट सन् २०११ को उच्च शिक्षा र समावेशिता सम्बन्धी अनुसन्धान वृत्ति पाएका थिए। इमेल : raipushparaj@gmail.com